Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ९, २०८० साल असोज २ गते मंगलबार (Sep 19, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

## सुवासचन्द्रको निधनप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त




**काठमाडौँ–** एमाले अध्यक्ष एवम् संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको ७१ वर्षको उमेरमा गएराति भएको निधनप्रति राष्ट्रिय मानव अधिकार आयोग गहिरो दुःख व्यक्त गरेको छ । नेम्वाङले वि। सं। २०६४ र २०७० सालमा सम्पन्न संविधानसभाको निर्वाचनपश्चात् संविधानसभाको अध्यक्षको रुपमा रही नेपालको संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेको आयोगले विज्ञप्तिमार्फत स्मरण गरेको छ ।

'विधिको शासन, लोकतन्त्र र मानव अधिकारप्रति सदैव प्रतिबद्ध रही राष्ट्रिय मानव अधिकार आयोगको स्थापना, ऐन निर्माण र संशोधनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका नेम्वाङ सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्याउने विषयप्रति सदैव चिन्तित हुनुहुन्थ्यो । नेम्वाङले मानव अधिकारको संरक्षण, सम्बर्द्धन र यस आयोगको संस्थागत सुदृढीकरणमा पुर्याउनुभएको योगदानको आयोग कदर गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

यस दुःखद् घडीमा आयोग स्वर्गीय नेम्वाङको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।

# पैशा तिरेर बन्ने नेता र कलाकारको देश



**काठमाडौं–** नेपालमा झट्ट सुन्दा मानिसहरुले नपत्याउलान् पैशा तिरेर पनि नेता बन्न सकिन्छ ? पैशा तिरेर कलाकार बन्न सकिन्छ ? पैशा तिरेर कर्मचारी सरुवा हुन सक्छ ? सक्छ यो सम्भव छ । त्यो काहाँ नेपालमा नेपालमा राजनीतिक पार्टीको सदस्यता लिन पहिला पैशा तिर्नुपर्छ । पैशा तिरेपछि सदस्यता पाईन्छ । सदस्यता लिएपछि मार्षिक चन्दा अर्थात विदेशी भाषामा लेवी भनिन्छ । त्यो तिर्नुपर्छ हैसियत अनुसार त्यसपछि ईकाई सम्मेलन, वडा सम्मेलन, पालिका सम्मेलन, जिल्ला सम्मेलन, प्रदेश सम्मेलन, केन्द्रीय सम्मेलन, अधिवेशन हुन्छन् । त्याहा पैशा तिर्नैपर्छ । भन्ने वेलामा स्वऐच्छिक भनिएको हुन्छ । तर तपाईको उठाउछ जसरी पनि उठाउछ । त्यसलाई दिनैपर्छ । जानेर वा नजानेर समय सँगसँगै आदर्शवादी भनिएका पार्टीले घोषणा-पत्रमा जे जे लेखेको भएपनि व्यवहारमा पैशा नतिरी गाउँ गाउँवाट केन्द्रमा आउन सक्दैनन् ।

जनताले जनताको नेता छान्ने वेला आउछ जसलाई निर्वाचन भनिन्छ । त्यतिवेला निर्वाचन आयोगमा दर्ता भएका पार्टीहरुको चुनाव चिन्ह पहिला नै निश्चित गरिएको हुन्छ । त्यसैले स्वतन्त्र उम्मेद्वार भन्दा पार्टीका उम्मेद्वार हावी हुनेहुदा त्यहा पार्टीले सिफारिस गर्ने व्याक्ति जनप्रीय होइन पैशा भएको खर्च गर्न सक्ने अर्थात किराना पसलवाट खाद्यन्न किने जसरी टिकट किन्न सक्ने क्षमता कै हुनुपर्छ । यसरी पैशामा टिकट किनेर मात्र पनि हुदैन । टिकट किनेर ल्याएपछि गाउँघरमा भोज भतेर, नारा, जुलुस, गर्ने । गडीका लस्कर, मोटर साइकलका लस्कर लगाउने त्यसको लागि पैशाको व्यवस्था गर्न सक्ने हुनुपर्छ । नत्र टिकट दिदैन । दिएपनि पैशा नभएकाहरुले लिन मान्दैनन् ।

राजनीतिक पार्टीहरुको कुरा हो राजनीतिक पार्टीमा राम्रा मानिस नभएर यस्तो भएको होत होइन । सस्कार नै गलत बसाएर यस्तो पारिएको हो । राजनीतिक पार्टीमा समाजको, राष्ट्रको हित चाहाने सधै समाजप्रति जिम्मेवारी लिन चाहाने पार्टीमा लागेको ३० बर्ष ४० बर्षमा पैशा कमाउन सक्यो होलानत ? सकेनान् उल्टै इमानदारिताका साथ कसैको एक कप चिया पनि सितैमा नखाने आदर्शले गर्दा ४० बर्ष अगाडी पार्टीलाई लेवी तिर्न लिएको गाउँका साथीहरुसँग एक हजार दुई हजार सापट समेत तिर्न सकेका छैनन् । यो तिर्न नसक्नुको कारण उनिहरुको नियत नतिर्ने भएर त्यस्तो भएको होइन । आम्दानीको स्रोत के ही नभएपछि के गर्ने त ? राजनीतिक भित्रको बिकृति यस्तो छ । कुनैबेला नेपालको रोलमोडल अर्थात कलाकारहरुको नाम सुनिन्थ्यो सरोज खनाल, राजेश हमाल, शिव श्रेष्ठ, बसुन्धारा भुसाल, नारायण गोपाल, मिरा राणा, गोपाल योञ्जन, नातिकाजी श्रेष्ठ, त्यस्तै साहित्यकारहरु लक्ष्मी प्रसाद देवकोट, माधव प्रसाद घिमिरे, सन्तोष पन्त, सुवास गजुरेल, यसरी कला क्षेत्रमा लागेका साच्चै प्रतिस्पर्धावाट आएका कलाकारहरुले अवसर पाउथे, राम्रा कलाकारहरुलाई नेपालका चलेका कम्पनीहरुले लगानी गर्थे र बजारमा कलाकारहरुले वास्तवमा नेपालको अवस्था नेपालका राम्रा र मौलिक परम्पराको सरक्षण र नकरात्मक कुराहरुलाइ कलाको माध्यमवाट विदा गर्ने खालका सन्देशहरु दिएर काम गर्ने गर्दथे । त्यस समयलाई नेपाली कलकारिताको युग भन्न सकिन्छ ।

राजनीतिक पार्टी बिग्रीय जस्तै कलाकारिता क्षेत्र पनि त्यसैगरी बिग्रीएको छ । पैशा हुनेहरुले लगानी गर्ने कलाकार बन्ने होड चलेको छ । जसले गर्दा फल्म चलेन, बाँकी ६ पृष्ठमा

## सरकारले सुन तस्करी गर्ने उद्योग नै चलाएको छ : ओली



**काठमाडौँ –** प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले सुन तस्करी गर्ने उद्योग नै चलाएको आरोप लगाएका छन् । आफूमाथि पशुपतिमा 'सुनको भनेर पित्तलको जलहरी चढाएको' आरोप लगाएर सरकारले एयरपोर्टबाट क्विन्टलका क्विन्टल सुन तस्करी गरेको ओलीको जिकिर थियो ।

पार्टी केन्द्रीय कार्यालय च्यासलमा आइतबार आयोजित ' बढ्दो महँगी र उपभोक्ता हित' विषयक विचार गोष्ठीमा बोल्दै उनले सरकारले 'चिलतिर औंलो देखाएर कुखुरा उडाएको शैलीमा' क्विन्टलका क्विन्टल सुन तस्करी गरेको टिप्पणी गरे ।

अध्यक्ष ओलीले माओवादी नेता कृष्णबहादुर महरा बाबुछोराप्रति संकेत गर्दै साढे नौ केजी सुन तस्करी गर्नेलाई बचाउन २९४ पटक फोन सम्पर्क गर्नेलाई सरकारले केही पनि नगरेकोमा आक्रोशसमेत व्यक्त गरे ।

वर्तमान सरकार उपभोक्तामाथि संस्थागतरुपमै गैरजिम्मेवार रहेको भन्दै ओलीले उपभोक्ताको हित संरक्षण गर्ने कर्तव्य च्यूत नहुन पनि सचेत गराए ।

'जब हाउसमा पशुपतिमा सुन भनेर पित्तल चढाइयो भनेर एउटा सत्ताधारी गुटका सांसद कराए । त्यतिबेरै मैले केही हुँदैछ कि । पशुपतितिर ध्यान मोडेर के गर्न खोजिराखेका छन् भनेको ? एयरपोर्टबाट क्विन्टलका क्विन्टल बाँकी ६ पृष्ठमा


## विद्यालय प्राङ्गणमा खेल मैदानसमेत छैन

**दोलखा–** दोलखाको भिमेश्वर नगरपालिका-९ झिँगानेमा रहेको कालिदेवी प्राथमिक विद्यालयमा विद्यालय भवन नहुँदा पठनपाठनमा समस्या भएको छ ।

विद्यालय भवन नहुँदा कक्षा पाँचसम्म पढाइ हुने यस विद्यालयमा ४० जना विद्यार्थी कष्ठकररुपमा अध्ययन गर्न बाध्य छन् । भूकम्पपछि विद्यालय भवन दाताले सामान्यजस्ताका टहरा निर्माण गरिदिएपनि पक्की भवन निमार्ण हुन सकेको छैन ।

विद्यालय प्राङ्गणमा खेल मैदानसमेत छैन । विद्यार्थीहरु आधा घण्टाको दूरीमा रहेको मैदानमा खेल खेल्न जाने गरेको विद्यालयका प्रधानाध्यापक नारायण खड्काले बताए । उनका अनुसार टहरामा घाम लागेको बेला अत्यधिक गर्मी हुने र पानी परेको समयमा आवाजले पढ्न नसकिने अवस्था छ । साथै हिउँ पर्ने समयमा विद्यालय बन्द गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।

लामो समयदेखिको खानेपानीको समस्या गत आइतबार मात्रै समाधान भएको छ । स्कुल अफ डेमोक्रेसीका अध्यक्ष प्रभुराम श्रेष्ठले खानेपानीको पाइप र ट्याङकीसहित सुविधा उपलब्ध गराएपछि राहत मिलेको हो । *रासस*



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१६, अंक- ९, २०८० साल असोज २ गते मंगलबार (Sep 19, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – – –

### नेपालका फिल्म क्षेत्र हल मालिकले सिध्याए

नेपालमा फिल्म बन्न नै छाडिसकेकाछन् । फिल्म चलन छाडेका कारण फिल्म बनाउन छाडेको केहीले बताए पनि सत्य कुरा अर्कै रहेको केही फिल्म निर्माताहरुले केही दिन अगाडी बोलेका अभिव्याक्तिवाट थाहा भएको छ । नेपालमा कुनैबेला खचाखच भरिने फिल्म हलहरु पछि विस्तारै सुपरमार्केट स्टाइलमा अन्य ठाउमा सेवा सुविधाको नाममा हलहरु खुल्दै गए त्यसमा भारतीय मुलका मानिसहरुले लगानी गरेको कमप्लेक्सहरुमा हल खुल्न थालेपछि नेपालका हलहरु विस्तारै चलन छाडेको देखिन्छ । ति नेपाली फिल्म चल्ने सवैभन्दा बढी चलेको विश्वज्योति हल समेत त्यसको मारवाट बच्न सकेन । अन्तत: भत्काएर विजनेस कम्प्लेक्स बनाउन पुग्यो भने अन्यको कुरा नै भएन । नेपालको पहिलो फिल्म हल जय नेपाल सिनेमा हल, बालकुमारी हल,अष्ट नारायण, आराधना, यस्ता थुप्रै नेपाली नामवाट जोडिएका सिनेमा हलहरुले नेपाली मौलिकता बोकेका थिए ।

ति हलहरु विस्तापित गर्न सिटी सेन्टर, केएल टावर, सिभिल महल, सिटी म्याक्स जस्ता विदेशी नामवाट खोलिएका केही नेपाली मुलका र अधिकाँस भारतीय मुलका तर नेपाली नागरिता लिएका मानिसहरुले खोलिएका हलहरुका कारण ति नेपाली नामकरण गरिएका सिनेमा हलहरु विस्तापित भएकाहुन् ।

त्यसपछि बनेको हल व्यवसायी संघ जो भारतीय मुलका मानिस तर नेपाली नागरिता लिएकाहरुले फिल्म हल संघ गठन गरेर नेपाली फिल्म निर्माण भएका फिल्महरुलाई शुरुमा ३० लाख बुझाउनुपर्ने नियम बनाई नेपालमा फिल्म निर्माताहरुलाई निरुत्सहित बनाउने निर्णय गरेर बनेका नेपाली फिल्म ३० लाँख हल संघलाइ एकमुष्ठ तिर्न नसक्दा बनेका फिल्म समेत स्कुल कलेजमा लगेर वा कतै सरकारी भवन प्रयोग गरेर चयारिटी शो भन्दै लाज छोप्नुपर्ने अवस्था आएको छ । यो नेपाली कला सस्कृतिको लागि लज्जाको बिषय हो ।

यसरी नेपालका फिल्म निर्माताहरुमा पर्न गएको समस्यालाई सम्बन्धित निकायले समयमा नै ध्यान दिई यस्ता हल साउहरुको सेन्डिकेट हटाएर नेपाली फिल्महरुलाई प्रोत्साहन गरेर नेपाली कला सस्कृतिको विकासमा सहयोग गर्नुपर्छ ।

त्यसो गर्न सकियो भने फिल्म क्षेत्र सम्बन्ध कलाकार लाभान्वित हुन्छन् । भने नेपाली सस्कृतिको सरक्षणमा पनि टेवा पुग्छ । थि गनैपर्ने कामहरु सम्बन्धित निकायले गरोस् । र बिलाउदै गएको नेपाली सस्कृतिलाई उठाउन पहल होस् ।

# नातावादले गर्दा नचलेका चलचित्र



नरेन्द्रमान श्रेष्ठ

● नातावादको माखेसांलोमा निर्मित चलचित्र 'फ्लप' हुँदै गएका छन्

● चलचित्रमा कलाकार बन्न आधारभूत तालिम, प्रतिभा, सुन्दरता, अभिनय र क्षमताको आवश्यक पर्दछ

नेपालमा थप्रै चलचित्रहरू निर्माण हुने गरेका छन् । तर, पनि नेपाली चलचित्रले राम्रो व्यापार गर्न सकिरहेका छैनन् । प्रदर्शनमा आएका एक दर्जन जति चलचित्रले मात्र आफ्नो लगानी उठाउन सकेको र आधा दर्जन जति चलचित्रले मात्र नाफा कमाउन सकेको सरोकारवाला बताउँछन् । २०७९ सालमा लगभग ५७ चलचित्रहरू प्रदर्शन भएका थिए । ती चलचित्रहरूले बक्स अफिसमा ७६ करोड जति ग्रस कलेक्सन गरेको सरोकारवाला बताउँछन् । २०७९ सालको चलचित्रको व्यापारलाई हेर्ने हो भने घाटाको व्यापार मान्न सकिन्छ । तर, पनि चलचित्र निर्माण गर्नेहरूको कमी भने छैन ।

देशमा वर्षमा लगभग सयवटा नेपाली चलचित्र निर्माण हुने गरेको सरोकारवालाहरू बताउँछन् । चलचित्र क्षेत्रमा वर्षमा १ अर्बभन्दा बढीज्ञ लगानी हुने गरेको पनि सरोकारवालाहरू बताउँछन् । चलचित्र क्षेत्र पनि उद्योगका रूपमा विकास र विस्तार भए यसले देशको आर्थिक क्षेत्रमा पनि टेवा पुग्ने देखिन्छ । तर, चलचित्र क्षेत्रले लगानीअनुसारको प्रतिफल भने लिन सकिरहेका छैनन् चलचित्र निर्माणकर्मीले । तर, पनि कलाकारदेखि सञ्चारकर्मीले समेत चलचित्रमा लगानी गरिरहेका छन् ।
देशका वरिष्ठ भनिने पत्रकार सञ्चारकर्मी पनि चलचित्र निर्माण निर्देशनमा लागेका छन् । यसमा टेलिभिजन च्यानलमा सबभन्दा बढी अन्तर्वार्ता लिने भनेर भन्ने गरेका सञ्चारकर्मी वरिष्ठ पत्रकार ऋषि धमला पनि चलचित्र निर्मातामा परेका छन् । पत्रकार धमलाले आफ्नी पत्नीलाई चलचित्रको नायिका बनाउन चलचित्रमा लगानी गरी निर्माता भएका थिए । पत्रकार धमलाले आफ्नी पत्नी एलिजा गौतम धमलालाई नायिका बनाउन चलचित्र अनुरागको निर्माण गरेका थिए तर चलचित्र व्यापारको हिसाबले चिट खायो चलचित्रले राम्रो व्यापार गर्न सकेन चलचित्र नराम्रोसँग असफल भयो ।

अब फेरि पत्रकार धमलाले आफ्नी पत्नी एलिजालाई नायिकामा निरन्तरता दिलाउन चलचित्रको निर्माण गर्लान् त । त्यसो त आफन्तका लागि चलचित्रमा लगानी गर्ने पत्रकार धमला मात्र होइनन् । कलिउडमा थुप्रै कलाकर्मीहरू छन् आफन्तका लागि चलचित्रमा लगानी गर्नेहरू । पछिल्लो समयमा देशमा चलचित्रको निर्माण गर्ने बढिरहेका छन् । पछिल्लो समयमा नेपालमा खस भाषाका चलचित्रहरू निर्माण भइरहेका छन् त्यसैगरी अरू विभिन्न आदिवासी जनजातिका मातृभाषामा पनि थुप्रै चलचित्रहरू निर्माण हुने गरेका छन् । त्यसो त चलचित्र क्षेत्रलाई उद्योग र व्यापार व्यवसायका रूपमा लिने गरिन्छ । तर, पनि कतिपयले चलचित्र निर्माणलाई रहर र शौखका रूपमा पनि लिने गरेको पाइन्छ भने कतिपयले आफन्तलाई कलाकार बनाउन नायक-नायिका बनाउन निर्देशक बनाउन चलचित्रमा प्रवेश गराउन पनि लगानी गरी चलचित्र बनाउने प्रवृत्ति बढ्दै गएको छ भन्दा पनि फरक नपर्ला ।

नेपाली चलचित्र क्षेत्रमा यस्ता धेरै निर्माताहरू छन् । विगतका ४० दशकका चर्चित नायक भुवन केसीले पनि आफ्नी पत्नी सुष्मिता केसीलाई नायिका बनाउन चलचित्रमा लगानी गरी चलचित्र निर्माण गरेको थियो । नायक भुवन केसीले चलचित्र करोडपति निर्माण गरी आफ्नी पत्नी सुष्मिता केसीलाई नायिकामा देब्यु गरेको थियो । त्यसो त नायिका सुष्मिता केसीलाई आफ्नो होम प्रडक्सनको चलचित्रमा मात्र अभिनय गर्ने नायिका भनेर पनि त्यस बेला चर्चा चल्ने गरेको थियो ।

विगत ४० को दशकमा लोकप्रिय एक्सन नायकका रूपमा चर्चित नायक शिव श्रेष्ठले पनि आफ्नो छोरालाई नायक बनाउन चलचित्र निर्माण गरे । नायक शिव श्रेष्ठले अफ्ना छोरा शक्ति श्रेष्ठलाई नायक बनाउन चलचित्रमा लगानी गरेका थिए । त्यसैगरी, विगतकी चर्चित नायिका निर्माता निर्देशक झरना थापाले पनि आफ्नी छोरी सुहाना थापालाई नायिका बनाउन चलचित्र 'ए मेरो हजर-३'को निर्माण गरिन् । त्यसैगरी हास्य कलाकार टेलिभिनमा राता मकै उपनामले चर्चित कलाकार किरण केसीले पनि आफ्नो छोरा सुदन केसीलाई निर्देशक बनाउन चलचित्र दालभात तरकारीको निर्माण गरे ।

तर चलचित्र दाल, भात तरकारी चलेन । त्यसैगरी विगतका खलनायक निर्माता निर्देशक अशोक शर्माले पनि आफ्नो छोरा अंकित शर्मालाइ नायक बनाउन चलचित्र रातो टीका निधारमाको निर्माण गरे । त्यसो त नेपाली चलचित्र क्षेत्रमा मात्र नभई बलिउड र हलिउडमा पनि चलचित्र क्षेत्र नातावादमा नै चलेको छ भन्दा पनि फरक नपर्ला । चलचित्र क्षेत्रलाई नातावादले जरा गाडेको छ भन्दा पनि हुन्छ ।

विगतमा ४० को दशकमा नै आफ्नो छोरा विजय लामालाई नायक बनाउन हेम लामाले चलचित्र आदर्श नारी निर्माण तथा निर्देशन गरेका थिए । त्यस बेला नायक विजय लामालाई बाबुले बनाएको चलचित्रमा नायक भएको भनेर भन्ने गरिन्थ्यो । नेपाली चलचित्र निर्माण भएको पनि पाँच दशक भइसक्यो अहिलेसम्म पनि यस्तै प्रवृत्तिले निरन्तरता पाइरहेको छ नेपाली चलचित्र क्षेत्रमा ।

नेपाली चलचित्रमा आफन्त प्रवेश गराइएका थुप्रै कलाकारहरू चलचित्र क्षेत्रमा छन् । नेपाली चलचित्र क्षेत्रमा दुई दशकसम्म एकछत्र राज गरेका नायक राजेश हमाललाई पनि चलचित्र निर्देशक मामा स्व. दीपक रायमाझीले चलचित्रमा नायक बनाएका थिए । चलचित्र युगदेखि युगसम्ममा राजेश हमालले नायकमा देब्यु गरेका थिए । त्यसैगरी स्व. दीपक रायमाझीले नै अर्का आफ्नो भान्जा किरणप्रताप केसीलाई चलचित्रमा देब्यु गरेका थिए तर नायक किरणप्रताप केसी भने चलचित्रमा सफल हुन सकेनन् । नायक गजिट विष्टले पनि आफ्नो आठ वर्षका छोरा सौगाद विष्टलाई निर्देशक बनाउन चचित्रल निर्माण गरेका थिए ।

त्यसैगरी, आफ्नो भतिजा आर्यन अधिकारीलाई नायक बनाउन निर्देशक आकाश अधिकारीले चलचित्र निर्माण निर्देशन गरेका थिए भने विगतमा थुप्रै चलचित्र निर्माण गरिसकेका निर्माता शेखर कोइरालाले पनि आफ्नो छोरा संयोग कोइरालालाई चलचित्रको नायकमा देब्यु गराका थिए । कतिपयले त आफू नायक बन्नका लागि आफैंले लगानी गरी चलचित्रमा नायक भएकाहरू पनि उदमरण पनि नेपाली चलचित्र क्षेत्रमा छन् ।

विगतमा आफ्नी छोरीलाई नायिका बनाउन स्व. सुशीला रायमाझीले खलनायक पवन मैनालीसँग मिलेर चलचित्र निर्माण गरेको थियो । अभिनेत्री स्व. सुशीला रायमाझीले चलचित्र पिंजडामा आफ्नी छोरी प्रसिद्धिका रायमाझीलाई नायिकामा देब्यु गरेकी थिइन् । तर, नायिका प्रसिद्धिका रायमाझीले पिंजडा पछि चलतित्र धनवानमा नायिका भएर अभिनय गरेपछि चलचित्र क्षेत्रबाट नै हराइन । आफन्तले निर्माण गरेको चलचित्रमा अभिनय गरेका र आफन्तले लगानी गरी चलचित्रमा प्रवेश पाएका धेरैजसो कलाकारले चलचित्रमा निरन्तरता भने दिन सकेनन् यस्ता धेरैजसो कलाकार एकदुई चलचित्रमा मात्रै सीमित भए ।

आफन्तले चलचित्रमा कलाकार बनाएका कलाकारमा चलचित्र कस्तुरीका नायक अजयशेखर चलचित्र आँधीबेरीका नायक विनोद खरेल चलचित्र सोह्र वर्षे जोवनकी नायिका ईश्वरी प्रधान चलचित्र सकली नकलीकी नायिका नुतन प्रधान चलचित्र लाहुरेका नायक श्रवण घिमिरे चलचित्र समयका नायक बिकी मल्ल चलचित्र नथिंग इम्पोसिवलको नायक जर्जी खड्गी चलचित्र के भो लौन नि की नायिका अनुपमा प्रसाई कोइराला चलचित्र टिचरकी नायिका सलिना बस्नेत चलचित्र सो सिम्पलकी नायिका भावना रेग्मी आदि थुप्रै कलाकारले चलचित्रमा निरन्तरता दिन सकेनन् चलचित्र क्षेत्रमा स्थापित हुन सकेनन् । एकदुई चलचित्र पछि कता हराए कता हराए ।

नेपाली मात्र नभई चलचित्रको संसारमा नै नातावादले जरा गाडेको छ भन्दा पनि फरक नपर्ला चलचित्र क्षेत्रमा आफन्त हुनेहरूले सजिलै चलचित्रमा प्रवेश पाउन सक्छन् । चलचित्र निर्माण निर्देशन गरिरहेका आफन्त हुनेहरूका लागि चलचित्रमा प्रवेश गर्न त्यति गाह्रो छैन । तर, चलचित्र क्षेत्रमा आफन्त नहुनेहरूका लागि भने आफूसँग प्रतिभा सुन्दरता अभिनय क्षमता तालिम भए पनि पनि चलचित्रमा प्रवेश गर्न संघर्ष गर्नुपर्ने हुन्छ । यसकारणले पनि होला चलचित्रमा प्रवेश गर्न आफैंले लगानी गर्ने गरेको होला त्यसो त चलचित्रमा आफन्तहरू नहुने र चलचित्रमा लगानी गर्न नसक्नेका लागि त चलचित्रमा नायिका बन्नका लागि निर्माता निर्देशकसँग सम्झौता गर्नुपर्छ भनेर पनि चलचित्रको क्षेत्रमा चर्चा हुने गरेका छन् । यस्ता चर्चा कलिउडमा मात्र नभई बलिउड हलिउडमा पनि हुने गरेका छन् ।

चलचित्रको संसारमा नै यस्तो हुने गरेको बताउँछन् सरोकारवालाहरू । सबैजसो नवप्रवेशी नायिकाले आफू चलचित्रमा नायिका बन्न अडिसन दिएर अडिसन पास गरेरै नायिका बनेको भनेर मिडियामा गफ दिन्छन् । नेपालमा चलचित्र क्षेत्रमा मात्रै नभई हरेक क्षेत्रमा नातावाद कायमै छ । चलचित्र क्षेत्र र राजनीतिकमा नातावादले जरा नै गाडेको छ । राजनीतिमा पनि नेताहरू आफ्ना पत्नी छोरा-छोरी भाइ बुहारी ज्वाइँ सालासाली सबैलाई मन्त्री सासद मेयर बनाउन पट्टि लागेका हुन्छन् ।

चलचित्र क्षेत्रमा आफन्त हुनेहरूले त्यसको लाभ लिन नहुने आफन्तलाई कलाकार बनाउन चलचित्रमा लगानी गर्न हुँदैन र लगानी गरी कलाकार बन्न हुन्न भन्ने पनि छैन । तर, चलचित्रमा कलाकार बन्न आधारभूत तालिम प्रतिभा सुन्दरता अभिनय क्षमताको पनि आवश्यक पर्दछ । वर्षमा अर्बौं लगानी हने गरेको र देशको अथतन्त्रसँग जोडिएको चलचित्र क्षेत्रलाई हल्लाका रूपमा लिन नहने भनाइ रहेको छ सरोकारवालाको ।

# मन्त्रिपरिषद् निर्णय : विश्व बैंकको ६० लाख अमेरिकी डलर ऋण स्वीकार



**काठमाडौँ** – मन्त्रिपरिषद्को भदौ २९ गतेको बैठकले अपर अरुण जलविद्युत् परियोजनाको पूर्वतयारीका लागि विश्व बैंकबाट प्राप्त हुने ६० लाख अमेरिकी डलर बराबर सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रिपरिषद्का निर्णयबारे जानकारी दिँदै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (विमस्टेक) वडापत्र अनुमोदनका लागि संघीय संसद्मा पेस गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको बताए ।

मन्त्रिपरिषद्को शुक्रबारको बैठकले कर प्रणालीको सुधारका लागि पूर्वमन्त्री विद्याधर मल्लिकको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय गरेको छ । चालु आर्थिक वर्षको बजेटमा सरकारले यस्तो समिति गठन गर्ने व्यवस्था राखेको थियो । त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा कम्पनी दर्ता र पुँजी वृद्धि गर्दा लाग्ने शुल्क तथा दस्तुर छुट दिनेसम्बन्धी सूचना प्रकाशन गर्न स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको अध्यक्ष पदमा बाबुराम पन्तलाई नियुक्त गर्ने निर्णय पनि सरकारले गरेको छ ।

दसैं, तिहारलगायत चाडवाडका लागि चिनी आपूर्तिलाई सहज बनाउन भन्सार छुटमा चिनी आयात गर्ने निर्णय पनि सरकारले गरेको छ । साल्ट ट्रेडिङ कर्पोरेशन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई ५० प्रतिशत भन्सार महसुल छुट समान १० हजार मेट्रिकटन चिनी आयात गर्न स्वीकृति दिने निर्णय सरकारले गरेको हो ।

विभूषण वितरण कार्य केही समयसम्मका लागि स्थगन गर्ने निर्णय पनि सरकारले गरेको छ । संविधान दिवसको अवसरमा राष्ट्रपतिबाट प्रदान गरिने विभूषण वितरण कार्यलाई मर्यादित एवं थप व्यवस्थित गर्ने तथा विभूषणको गरिमा बढाइ राष्ट्रको सम्मानको रुपमा स्थापित गर्न अन्तर्राष्ट्रिय अभ्यास र विभूषणसम्बन्धी प्रचलित कानुनसमेतको अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेश गर्ने गरी कार्यदल गठन गर्ने निर्णय सरकारले गरेको छ। उक्त कार्यदलले पेस गरेका सुझावका आधारमा विभुषण वितरणसम्बन्धी मापदण्ड बनाउने र त्यस्तो मापदण्ड नबनुन्जेलसम्मका लागि हाललाई विभूषण वितरण कार्य स्थगन गर्ने निर्णय भएको हो ।

सिँचाइ नीति, २०८० र नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने पनि शुक्रबारको मन्त्रिपरिषद् बैठकले गरेको छ । त्यस्तै, विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिने निर्णय सरकारले गरेको छ । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पीडित जनताको न्यायिक समस्या स्थायी रुपमा समाधानका लगि अधिकारसम्पन्न न्यायिक आयोग गठन गर्ने निर्णयसमेत मन्त्रिपरिषद् बैठकबाट भएको छ । जटामसी वनस्पतिको व्यवस्थापन निकायको रुपमा डिभिजन वन कार्यालयलाई तोक्ने निर्णय भएको छ । सुपर तल्लो बागमती जलविद्युत् आयोजनाको भौतिक पूर्वाधारहरु निर्माण गर्न मकवानपुर जिल्लाको वाग्मती गाउँपालिका वडा नम्बर ५ र ललितपुर जिल्लाको महाँकाल गाउँपालिका वडा नम्बर ६ मा रहेको राष्ट्रिय वन क्षेत्रको नौ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृती दिने निर्णय सरकारले गरेको छ ।

गृह मन्त्रालयअन्तर्गतका अध्यागमन विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा चालु आर्थिक वर्षका लागि राजपत्रांकित तृतीय श्रेणीका २१ वटा अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ। तीन जना सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकको सरुवा गर्ने निर्णय पनि सरकारले गरेको छ ।

बाँके जिल्लाको नौवस्तास्थित कारागारको ब्लकमा बालसुधार गृह स्थापना तथा सञ्चालन गर्न स्वीकृत दिने निर्णय भएको छ । त्यस्तै, प्रधानमन्त्रीको आसन्न चीन भ्रमण स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ। मोरोक्कोको माराकेसमा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोष(आइएमएफ)को संयुक्त वार्षिक बैठकमा भाग लिन अर्थमन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डललाई स्वीकृति दिने र चीनको होङझाओ सहरमा आयोजना हुने १९औँ एसियाली खेलकुद प्रतियोगितमा सहभागी हुन युवा तथा खेलकुदमन्त्री र सचिवलाई स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।

# चिकित्सा शिक्षा सरोकार सङ्घर्ष समितिले तोड्यो अनशन

**काठमाडौँ** – चिकित्सा शिक्षा सरोकार सङ्घर्ष समितिका पदाधिकारीहरूले अनशन तोडेका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतको विशेष पहलमा विगत ३८ दिनदेखि माइतीघर मण्डलामा रिले अनशन बसिरहेका सङ्घर्ष समितिका पदाधिकारीहरूले आज अनशन तोडेका हुन् ।

मन्त्री बस्नेतले सङ्घर्ष समितिले उठाएका माग सम्बोधन गर्न सरकारले पहल गरिरहेको भन्दै चिकित्सा शिक्षा ऐन छिट्टै संशोधन हुने आश्वासन दिए ।

"चिकित्सा शिक्षा ऐनमा भएका राम्रा कुरालाई अङ्गिकार गरेर जान सकिन्छ । सुधार गर्नुपर्नेलाई संशोधन गर्न सकिन्छ । यस विषयमा मन्त्रिपरिषद्मा चर्चा भइसकेको छ । प्रधानमन्त्रीसमेत सकारात्मक हुनुहुन्छ", मन्त्री बस्नेतले भने । उनले यस विषयमा शिक्षामन्त्री र प्रधानमन्त्रीसमेत सकारात्मक भएकाले सङ्घर्ष समितिले उठाएका माग चाँडै सम्बोधन हुने विश्वास दिए ।

चौध सूत्रीय माग राखेर अनशनरत सङ्घर्ष समिति तत्काल सडक सङ्घर्ष स्थगित गर्न सहमत भएको हो । मन्त्रालयसँगको वार्तापछि आफूहरूले उठाएका माग सम्बोधन हुनेमा विश्वासको वातावरण बनेको सङ्घर्ष समितिका सहसंयोजक भुवनचक्र जोशीले बताए ।

मन्त्रालयको सचिवालयका स्वकीय सचिव रामेश्वर आचार्य र रामचन्द्र दुलालले सङ्घर्ष समितिका सदस्यलाई जुस पिलाएर अनशन स्थगित गरिएको हो । अनशन स्थगित गरेपछि चिकित्सा शिक्षा सरोकार सङ्घर्ष समितिका




वरिष्ठ पाँच पदाधिकारी वार्ता गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय पुगेका थिए ।

मन्त्री बस्नेतसहित भएको वार्तामा मन्त्रालयका सचिव डा रोशन पोखरेल, अतिरिक्त सचिव डा विकास देवकोटा, डा टङ्क बाराकोटीलगायत सहभागी थिए । यता सङ्घर्ष समितिका तर्फबाट संयोजक निर्मल सापकोटा र सहसंयोजक जोशीलगायतका पदाधिकारी सहभागी थिए ।

वार्तामा सङ्घर्ष समितिका संयोजक सापकोटाले आफूहरूले उठाएका १४ वटा मागका विषयमा मन्त्री बस्नेतलाई जानकारी गराउँदै नेपालको चिकित्सा शिक्षा सुधारका लागि सरकारले आफ्ना माग सम्बोधन गर्नुपर्नेमा जोड दिए । मन्त्री बस्नेतले सङ्घर्ष समितिले उठाएका जायज मागका विषयमा पहलकदमीका लागि स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा देवकोटालाई फोकल सर्जन तोके ।

सङ्घर्ष समितिले चिकित्सा शिक्षा ऐन संशोधन गर्नुपर्ने, सिटिइभिटीको तुरन्त पुनःसंरचना गर्नुपर्ने, प्रि डिप्लोमाका स्वास्थ्य कार्यक्रम स्तरोन्नति गर्दै बाँकीमा तत्काल भर्ना खोल्नुपर्ने माग राख्दै आएको छ । उक्त समिति पारामेडिकलअन्तर्गत नर्सिङका विषय चिकित्सा शिक्षाबाट अलग गर्न, बन्द गराइएका नर्सिङ कलेजमा भर्ना खोल्न, छात्रवृत्तिमा भइरहेको विभेद अन्त्य र शिक्षामा कोटा प्रणाली खारेज लगायतका १४ मागसहित गत साउन २७ गतेदेखि माइतीघर मण्डलामा रिले अनशन बसेको थियो ।

# चितवनमा गोहीको आक्रमणबाट एक जनाको मृत्यु



भरतपुर । चितवनमा गोहीको आक्रमणबाट एकजनाको मृत्यु भएको छ । मृत्युहुनेमा पूर्वी चितवनको रत्ननगर नगरपालिका-५ स्थित मगरटोलका ४४ वर्षीय फगुना महतो रहेका छन् ।

शनिबार साँझ महतो डुङ्गाघाट क्षेत्रमा मृतावस्थामा फेला परेको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिंए ।

# रामेछाप डायरी

## नीर बहादुर कार्कीलाई सम्मान सहित विदाइ



रामेछाप जिल्लाको पहिलो माध्यमिक विद्यालय श्री गौरीशंकर माध्यमिक विद्यालयका सेवा निवृत प्रधानाध्यापक नीर बहादुर कार्कीलाई सम्मान सहित विदाइ गरिएको छ ।

शुक्रबार विद्यालयमा आयोजित एक कार्यक्रमका विच सेवा निवृत प्रअ कार्कीलाई शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि लगायतले सम्मान पत्र र मायाको चिनो प्रदान गरि सम्मान गरेका थिए ।

विगत १९ वर्षदेखी सो विद्यालयको प्रअको रुपमा कार्यरत कार्कीको उमेर हदका कारण अनिवार्य अवकास भएको थियो । प्रअ कार्कीलाई फेरि भेटौँला भन्दै कार्यक्रममा उपस्थित सबैले विद्यालयको विकासमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

पन्चे बाजा सहित रामेछाप बजारमा प्रअ कार्कीको सम्मानमा र्‍याली समेत निकालिएको थियो । सबैको मन जितेर प्रअ कार्की सेवा निवृत हुनुभएको छ ।

## रामेछाप नगरपालिकाले घरेलु मदिरा 'ब्रान्डिङ' गर्दै,



रामेछापको रामेछाप नगरपालिकाले घरेलु मदिरालाई 'ब्रान्डिङ' गर्ने भएको छ। नगरपालिकाले घरेलु मदिरालाई 'ब्रान्डिङ' गर्न सम्भाव्यता अध्यन सुरु गरेको नगर प्रमुख लबश्री न्यौपानेले जानकारी दिनुभयो । घरेलु लोकल रक्सीको बजारीकरणका लागि कानुन निर्माण गर्दै यसलाई ब्रान्डिङ गर्ने नीति तथा कार्यक्रम बनाउन लागिएको उहाँले बताउनुभयो ।

मौलिक संस्कृति तथा परम्परागत सीपसँग जोडिएका घरेलु उत्पादनको स्तरीकरण, ब्रान्डिङ गर्ने योजना अनुसार वडा नं ७ सुकाजोरबाट सम्भाव्यता अध्यन सुरु गरिएको हो ।

नेपाली मौलिक सीप र कौशल प्रयोग गर्दै स्थानीय कच्चापदार्थ मकै,कोदो,चामल लगायतका अन्नबाट घरेलु मदिराको उत्पादन र उपभोग भइरहेको परिप्रेक्ष्यमा यस्ता उत्पादनलाई प्रोत्साहन गर्दै बजारीकरण गरेको खण्डमा कृषि उत्पादन वृद्धि, रोजगारी सृजना, गरिबी न्यूनीकरण, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न सकिने विश्वास लिइएको नगर प्रमुख न्यौपानेले बताउनुभयो ।

अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने सम्भावनालाई दृष्टिगत गर्दै लोकल रक्सीलाई स्तरोन्नति गरी ब्रान्डिङ गर्ने योजना बनाइएको उहाँको भनाई छ । रामेछाप नगरपालिकामा जनजातिको बाहुल्यता रहेको छ ।

# धरान खानेपानी बोर्डको डिजिटल भुक्तानी अब आइएमई पे एपबाट

**काठमाडौं–** नेपालको पहिलो डिजिटल वालेट "आइएमई पे" मार्फत धरान खानेपानी बोर्डको बिल भुक्तानी सजिलै गर्न सकिने भएको छ ।




धरानवासीलाई खानेपानीको बिल भुक्तानी डिजिटल माध्यमबाट गर्न सकिने सुविधा आइएमई पे ले यहि भाद्र महिनाबाट सन्चालनमा ल्याएको हो यसका साथै, आइएमई पेको किन लाइन बस्ने, मोबाइलबाटै तिर्ने अफर मार्फत आइएमई पेका सेवाग्राहीले खानेपानीको बिल भुक्तानी गर्ने क्रममा प्रोमो कोड "WATER" प्रयोग गरि रु.१०० सम्म छुट पनि प्राप्त गर्न सक्नेछन् ।

यस सुविधाले धरानवासीलाई लामो लाम बस्न पर्ने झन्झटबाट मुक्त गराई उप-महानगरलाई डिजिटलाइ जेसनमा जान सहायता पुर्याउने आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रविण रेग्मीले जनाएका छन् । 'आइएमई पे' ले ग्राहकहरूको सुविधाको लागि सुरक्षित तथा नव प्रवर्द्धित सेवाहरूको माध्यमबाट क्यास-लेस सोसाइटी निर्माणमा थप प्रोत्साहन गर्नमा अग्रणी भूमिका निर्वाह गरेको छ ।

# चाडपर्वलाई भव्य रूपमा Celebrate गर्न TCL ले ल्यायो Celebrate Greatness योजना

**काठमाडौं–** ओम्दियाबाट प्रमाणित विश्वको नम्बर १ एन्ड्रोइड टिभी ब्राण्ड टिसिएलले यो दशैं, तिहार तथा छठलाई लक्षित गरेर Celebrate Greatness योजना सार्वजनिक गरेको छ ।




यस योजना अन्तर्गत ग्राहकहरुले टिसिएलका होम इन्टरटेनमेन्ट र होम एप्लायन्सका उत्पादनहरु खरिद गर्दा आकर्षक नगद छुट वा निश्चित उपहारहरु प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ । ग्राहकहरुले यो योजनाको लाभ भाद्र २६ गतेदेखि नेपालभरी सीमित अवधिका लागि उठाउन सक्नेछन । ग्राहकहरुले Celebrate Greatness योजना अन्तर्गत त्र्रीट को कुनै पनि टेलिभिजनको खरिदमा रु.४४,७००सम्मको आकर्षक छुट पाउन सक्नेछन ।

त्यस्तै वाशिङ मेसिन खरिदमा रु .१४,४०० सम्मको छुटका साथै ६ केजीको एरियल मेटिक पाउडर उपहार पनि पाउन सक्नेछन । यसका साथै ग्राहकहरुले त्र्रीट को सम्पूर्ण क्याटागोरीको एयर कन्डिसनरको खरिदमा रु। ५६,८०० सम्मको आकर्षक क्यासब्याक प्राप्त गर्नुका साथै रु ४,००० बराबरको निःशुल्क एसि जडान सुबिधा पनि पाउन सक्नेछन र ग्राहकहरुले TCL को साइड बाइ साइड रेफ्रिजरेटरको खरिदमा रु. ३१,८०० सम्मको आकर्षक क्यासब्याक पाउनुका साथै सिजि इन्डक्सन चुलो सित्तैमा प्राप्त गर्ने सक्नेछन । साथै, कम्पनीले समान खरिद गर्ने ग्राहकका लागि फ्री डेलिभरी, फ्री इन्स्टलेशन सुबिधा पनि प्रदान गरेको छ । त्यसै गरि शुन्य प्रतिशतमा फाइनान्स सुबिधा, पुराना भएका सामान फेरबदल गरि नयाँ सामान लान चाहने ग्राहकका लागि एक्सचेन्ज अफर सुबिधा र चाडपर्वको अवसरमा सामान खरिद गर्ने ग्राहकहरुले सिजि लोयल्टी क्लबको रिवार्ड प्रोग्राम अन्तर्गत लोयल्टी सदस्यहरुले ललितपुर स्थित होटल विभान्तामा २५५ सम्म छुट पाउन सक्नेछन् ।

यी सुबिधाका लागि ग्राहकहरुले www.cgelex.com मा गएर आफ्नो विवरण दर्ता गर्न सक्नेछन । नेपाल अधिराज्यभर टिसिएल ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुपको सिजी इलेक्ट्रोनिक्स अन्तर्गत सिजी इओएल रहेको छ ।

# नेपाल टेलिकमको संविधान दिवसको अफर सार्वजनिक




**काठमाडौं–** यही असोज १गते मनाइने तीज तथा असोज ३ गते मनाइने संविधान दिवसको अवसरमा नेपाल टेलिकमले चाडपर्व अफर उपलब्ध गराउने भएको छ ।

यस अन्तर्गत कम्पनीका ग्राहकहरुका लागि नेपाल टेलिकमले सहुलियत दरका डाटा र भ्वाइससहितको प्याकका साथै रिचार्ज अन बोनस उपलब्ध गराइने छ । यो अफर २०८० भाद्र ३१ देखि प्रारम्भ भएको छ र आगामी असोज ६ गतेसम्म उपलब्ध हुनेछ ।

अफर अन्तर्गत रु. ४९ मा १ दिनप्रयोग गर्न सकिने १ एमबीपीएस अनलिमिटेड डाटाका साथमा नेपाल टेलिकमकै नेटवर्कमा प्रयोग गर्न सकिने १०० मिनेट भ्वाइस कल सुविधा सहितको प्याकेज उपलब्ध हुनेछ । त्यसैगरी रु. ९८ मा ३ दिनसम्म प्रयोग गर्न सकिने ६ जीबी डाटा प्याक उपलब्ध हुने छ भने रु. १९९ मा ७ दिन सम्म प्रयोग गर्न सकिने १३ जीबी डाटा प्याक, रु. २९४ मा १० दिन सम्म प्रयोग गर्न सकिने २० जीबी डाटा प्याक र रु. ३९९ मा १५ दिन सम्म प्रयोग गर्न सकिने ३० जीबी डाटा प्याक उपलब्ध हुनेछ ।

यही अफर अन्तर्गत रु. ७८९ मा फेस्टिभ कम्बो प्याक पनि लिन सकिने छ । प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि २८ दिन र पोस्टपेड मोबाइल प्रयोगकर्ताका लागि ३० दिन सम्म चलाउन सकिने समयाधि तोकिएको सो प्याकेज अन्तर्गत ३० जीबी डाटा, सबै नेटवर्कमा कल गर्न सकिने ६०० मिनेट अल नेट भ्वाइस सुविधा र २०० अल नेट एसएमएस सुविधा यसमा उपलब्ध हुन्छ । पोस्टपेड मोबाइल प्रयोगकर्ताले यो प्याकेज लिएमा मासिक रुपमा बुझाउनु पर्ने रेन्टल चार्जबाटै यो शुल्क काटिने सुविधा उपलब्ध छ ।

# आइसरको ग्राहक भेला सम्पन्न

**काठमाडौं–** आइसर घण्ज्ञछ ० ज्क्म्ग ग्राहक भेटघाट कार्यक्रम नेपालगन्जमा सफलता पूर्वक सम्पन्नभएको छ । उक्त भेलामा ५० जनाभन्दा बढी ग्राहकहरूको सहभागिता रहेको थियो जहाँ सहभागीहरूले आइसर घण्ज्ञछ ० ज्क्म मोडेलका आकर्षक फिचर र सकारात्मक पक्षहरूबारे उत्सुकता पुर्वक जानकारी लिएका थिए ।

भेलाका सहभागीहरूले गाडीको शक्तिशाली इन्जिन, माइलेजर उच्चस्तरीय सुरक्षा सुविधा जस्ता प्रभावकारी फिचरहरूका बारेमा जान्न पाएका थिए । यी विवरणहरूले ग्राहकहरूलाई गाडीको क्षमता बारे राम्ररी जानकारी गराएको थियो ।

"नेपालगन्जका हाम्रा ग्राहकहरूको सकारात्मक प्रतिक्रियाबाट हामी साँच्चै खुसी छौं सहभागीहरूको उत्साहजनक सहभागिताले आइसरका उत्पादन प्रतिको विश्वास झल्काउँछ । प्रिमियम नेक्स्ट जेनेरेसन लेबल उत्पादन रहेको आइसर घण्ज्ञछ ० ज्क्म तुलात्मक रूपमा ५-८५अतिरिक्त माइलेज पाउनुको साथै लामो यात्रामा रेस्टको लागि गाडी भित्रनै सिल्पर क्याबिन रहेको जानकारी दिए । साथसाथै २७५ उकालोमा सजिलै आइसर घण्ज्ञछ ० ज्क्म मोडेलको गाडीले १०.३ टन भार बहन गर्न सक्ने बताउदै हाम्रा ग्राहकहरूलाई सन्तुष्टि प्रदान गर्न प्रतिबद्ध छौं ।"बतास एम ए डब्लूका प्रडक्ट म्यानेजर ठाकुर कुमार गाहले बताए ।

# सिभिल क्यापिटल मार्केट लिमिटेडको विशेष साधारण सभा सम्पन्न




काठमाडौ । यस सिभिल क्यापिटल मार्केट लिमिटेडको विशेष साधारण सभा २०८० साल भाद्र २७ गते बुधबारका दिन सिटिसी मल, सुन्धारा, काठमाडौंमा सञ्चालक समितिका अध्यक्ष भोला बहादुर बिष्टको अध्यक्षतामा सम्पन्न भयो ।

यस सभाले सिभिल क्यापिटल मार्केट लिमिटेडलाई हिमालयन क्यापिटल लिमिटेडले गाभ्ने/प्राप्ति गर्ने र सञ्चालक समितिबाट अनुमोदन शेयर आदान प्रदान अनुपात (क्जबचभ क्धबउ च्बतष्य) १००:३१ को आधारमा हिमालयन क्यापिटल लिमिटेडले सिभिल क्यापिटल मार्केट लिमिटेडलाइ प्राप्ति गर्ने लगायतका सबै प्रस्तावहरु पारित गरेको छ ।

कम्पनीको विशेष साधारण सभा सफलता पूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाहगर्ने शेयर धनीहरु प्रति धन्यवाद व्यक्तगर्दछौ । साथै, कम्पनीको प्रगतिका लागि प्रत्यक्ष वा परोक्ष रुपले सल्लाह, सहयोग, मार्गदर्शन गर्ने तथा योगदान दिने सम्बद्ध सबैलाई हार्दिक धन्यबाद व्यक्त गर्दछौ ।

# अर्थ संसार

## सानिमा बैंकका ग्राहकहरुलाई फ्रन्टलाइन हस्पिटलमा छुटको व्यवस्था




**काठमाडौं–** सानिमा बैंकले आफ्ना ग्राहकहरुलाई डिजिटल बैंकिङ्गका माध्यमहरु प्रयोग गरी डिजिटल भुक्तानीको प्रोत्साहन गर्न पूरानो बानेश्वरस्थित फ्रन्टलाइन हस्पिटलमा छुटको व्यवस्था गरेको छ ।

उक्त व्यवस्था अन्तर्गत सानिमा भिसा डेबिट/क्रेडिट कार्ड तथा सानिमा मोबाइल बैंकिङ्ग एप प्रयागकर्ताहरुले डिजिटल माध्यमबाट भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्न सक्नेछन् । सानिमा बैंकका ग्राहकहरुले ओपिडी/आइपिडी तथा बेड सम्बन्धी शुल्कहरुमा १३ प्रतिशत,औषधीको शुल्कहरुमा ७ प्रतिश तर सर्जरी शुल्कमा ५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

बैंकले यसैगरी ग्राहकहरुलाई विभिन्न छुट तथा अफरहरु प्रदान गरी डिजिटल भुक्तानीको अधिकतम् प्रयोग गर्न प्रोत्साहन गर्दै आएको छ ।

## एन आई सी एशिया बैंकद्वारा ३०.५२६३ प्रतिशत लाभांश प्रस्ताव




**काठमाडौं–** एन आई सी एशिया बैंक लिमिटेडको संचालक समितिको ६२९ औं बैठकको निर्णयानुसार यस बैंकको आर्थिक वर्ष २०७९/८० को मुनाफा तथा सञ्चित मुनाफाबाट बैंकको चुक्ता पुँजीको ३०.५२६३ प्रतिशत लाभांश रू. ३ अर्ब ५३ करोड ६४ हजार ७ सय ९६ रुपैयाँ वितरण गर्ने प्रस्ताव गरिएको छ ।

बैठकले उक्त प्रस्तावित लाभांश मध्ये २९ प्रतिशत बोनश शेयर (रू. ३ अर्ब ३५ करोड ३५ लाख ६१ हजार ५ सय ५६ रुपैयाँ) र १.५२६३ प्रतिशत नगद लाभांश (रू. १७ करोड ६५ लाख ३ हजार २ सय ४० रुपैयाँ) लाभांश कर प्रयोजनार्थ प्रदान गर्ने निर्णय गरेको छ । उक्त प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंक तथा बैंकको आगामी २६ औं वार्षिक साधारण सभाको स्वीकृत पश्चात आवश्यक नियमनकारी प्रक्रिया पूरा गरी बैंकका शेयरधनी महानुभावहरूलाई वितरण गरिनेछ ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६०८ एटिएम, १०९ वटा विस्तारित काउन्टर एवं ६१ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ ।

देशको कुल जनसंख्यामध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवा दिन यस बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापनाकालदेखि हालसम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. २३ अर्ब ५८ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ६६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाब, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ । देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# तनहुँ जलविद्युत् आयोजना : प्रसारण लाइन निर्माणमा ढिलाइ

**दमौली–** तनहुँमा निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माण नीतिगत समस्याका कारण ढिलाइ भएको छ ।

वनमन्त्रालयसँग देखिएको समस्या कारण सो आयोजनाको प्याकेज-३ अन्तर्गतको काममा ढिलाइ भएको हो । प्रसारण लाइन निर्माणका लागि विसं २०७७ असोजदेखि काम सुरु भएको थियो । यो प्याकेजको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ । यो प्याकेजको हालसम्म ६९ प्रतिशत काम सम्पन्न भएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए ।

उनले भने, "वन मन्त्रालयसँग सम्बन्धित केही समस्या अझै समाधान भएका छैनन्, ऊर्जा मन्त्रालयमार्फत वन मन्त्रालयमा समस्या समाधानका लागि पठाएका छौँ ।" बिनाअवरोध काम गर्न पाएको भए यो खण्डमा हालसम्म ८५ प्रतिशत काम भइसक्ने उनको भनाइ छ ।

उनका अनुसार प्रसारण लाइन निर्माणका लागि ६९ टावरको जग हाल्ने कार्य सकिएको छ । त्यस्तै ३३ टावर जडान सकिएको छ भने १२ टावरको जग संरक्षण सम्पन्न भएको छ । त्यस्तै हालसम्म शून्य दशमलव ९८८३ किलोमिटर तार तान्ने काम सकिएको छ । उनका अनुसार एक स्थानमा जग हाल्ने काम भइरहेको छ। उनले भने, "प्याकेज-१ र २ सँगै प्याकेज-३ को प्रसारण लाइन निर्माणले तीव्रता पाएको छ ।"

प्याकेज-३ अन्तर्गत केइसी इन्टरनेसनल भारतले दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको ३६ किलोमिटर 'डबल सर्किट' प्रसारण लाइन निर्माण गरिरहेको छ ।

प्रसारण लाइन निर्माण सन् २०२२ मे सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकामा कोभिड-१९ को महामारी र वन क्षेत्रको रुख कटानको स्वीकृति वन मन्त्रालयबाट प्राप्त हुन ढिलाइ हुँदा सम्झौताको म्याद सन् २०२४ डिसेम्बर १९ सम्म थप गरिएको छ । प्रसारण लाइन निर्माणका लागि कुल ५९ कित्ता ९२३ रोपनी पाँच आना० जग्गा अधिग्रहण गरिनेछ । तनहुँतर्फ व्यास नगरपालिका-१३ र १४, बन्दीपुर गाउँपालिका-६, आँबुखैरेनी गाउँपालिका-६, देवघाट गाउँपालिका-४ र ५ भित्र पर्ने जग्गा अधिग्रहण गरिनेछ ।

निर्माण सुरु भएको चार वर्षको अवधिमा आयोजनाले तीनवटा प्याकेजमा ४३ प्रतिशत प्रगति हासिल गरेको छ । तनहुँ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठका अनुसार प्याकेज-१ अन्तर्गत बाँध निर्माणमा २५ प्रतिशत, प्याकेज-२ अन्तर्गत विद्युत्गृह निर्माणमा ४५ प्रतिशत र प्याकेज-३ अन्तर्गत प्रसारण लाइन निर्माणमा ६९ प्रतिशत भौतिक प्रगति भएको छ ।




आयोजनाको पहिलो प्याकेजअन्तर्गत एक ४० मिटर अग्लो बाँधलगायतका संरचना सोङदा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेको छ । जसअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउनका लागि आवश्यक डाइभर्सन सुरुङहरू, बाँधको माथिल्लो भाग तथा स्लोप खन्ने कार्य, प्रवेश सडकको स्तरोन्नतिलगायतका काम भइरहेको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए ।

आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजको निर्माण सिनो हाइड्रो, चीनले गरिरहेको छ । आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । आयोजनाको प्याकेज-१ अन्तर्गत हेडवर्क्स निर्माणका लागि सोङ दा कर्पोरेसन, भियतनाम कालिका कन्स्ट्रक्सन प्रालि नेपाल जेभीसँग विसं २०७७ चैत ९ गते रु २१ अर्ब ६६ करोड ४० लाख ४१ हजार आठ सय ७८ मा खरिद सम्झौता भएको थियो ।

यो प्याकेजअन्तर्गत मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक पर्ने डाइभर्सन सुरुङ-१ र २ को निर्माणकार्य जारी रहेको आयोजनाले जनाएको छ । दुवै डाइभर्सन सुरुङको इनलेट र आउटलेटबाट खन्ने काम भइरहेको आयोजनाले जनाएको छ ।

बाँधको माथिल्लो भागको स्लोप खन्ने कामअन्तर्गत हालसम्म इलिभेसन तह पाँच सय ४४ मिटरबाट चार सय ८० मिटरसम्म खन्ने काम सम्पन्न भइसकेको छ । यसैगरी बाँधको दायाँ किनारातर्फबाट माथिल्लो भागको स्लोप खन्नका लागि पहुँच सडक निर्माणकार्य सुरु गरिएकामा वर्षाका कारण प्रभावित भएको थियो । हालसम्म इलिभेसन तह चार सय ७० मिटरसम्म खन्ने काम सकिएको आयोजनाले जनाएको छ ।

आयोजनाको प्याकेज-२ को निर्माणकार्यका लागि सिनो हाइड्रो कर्पोरेसनसँग विसं २०७५ असोज १५ गते युएस डलर एक अर्ब १४ करोड एक लाख ८८ हजार नौ सय ५८ र नेपाली रु तीन अर्ब ८३ करोड १३ लाख ६० हजार तीन सय ६१ मा खरिद सम्झौता भएको थियो । खरिद सम्झौताबमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् सिनोले विसं २०७५ माघ ६ गतेबाट आयोजनास्थलमा परिचालित भई निर्माण जारी राखेको छ ।

यो प्याकेजअन्तर्गत ८९ मिटर लम्बाइ, २२ मिटर चौडाइ र ५१ मिटर उचाइ भएको भूमिगत विद्युत्गृह खन्ने काम विसं २०७९ असार १० गते सम्पन्न भएको आयोजनाले जनाएको छ । यसका अतिरिक्त मुख्य पहुँच सुरुङ, केबल सुरुङ र सेती नदीको दायाँतर्फबाट बाँधस्थलतिर जाने तथा सर्ज ट्याङ्कतर्फको पहुँच सुरुङ निर्माण सम्पन्न भएको आयोजना प्रमुख शिल्पकारको भनाइ छ ।

आयोजनाको एक हजार चार सय ५६ दशमलव नौ मिटर लामो मुख्य सुरुङ विसं २०७८ कात्तिकबाट खन्न सुरु गरिएकामा मङ्सिर मसान्तसम्म छ सय ८० मिटर खन्ने काम सकिएको छ । आयोजनाको दुई सय १० दशमलव नौ मिटर टेलरेस सुरुङ विसं २०७७ फागुन २ ९ गतेदेखि खन्न सुरु गरिएकामा उक्त काम सम्पन्न भइसकेको छ । हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिल कार्यअन्तर्गत पेनस्टक जडानका लागि खन्ने काम ६४ मिटर रहेकामा सम्पूर्ण पेनस्टक खन्ने काम सकिएको छ ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख अमेरिकी डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

## बीपी साहित्य महोत्सव असोज ३ गते



**काठमाडौँ–** नेपाली कांग्रेसले संविधानसभा अध्यक्ष सुवास नेम्वास नेम्वाङको निधनपछि रोकिएको बीपी साहित्य महोत्सव ३ गते गर्ने भएको छ । महोत्सव आयोजक कमिटीको बैठकले महोत्सवको समापनसभा ३ गते गर्ने निर्णय भएको कांग्रेस प्रचार विभाग प्रमुख मिन विश्वकर्माले बताए ।

उनका अनुसार स्थगित भएको तेस्रो र अन्तिम दिन (भाद्र २६ गते) को कार्यक्रम संविधान दिवसको अवसरमा असोज ३ गते विहान १० : ३० बजेदेखि साँझ ५:०० बजेसम्म पार्टीको केन्द्रीय कार्यालयमा आयोजना हुनेछ ।

गत साउनमा बसेको केन्द्रीय समितिको बैठकको निर्णय अनुसार कांग्रेसले २४ गतेदेखि २६ गतेसम्म पार्टी मुख्यालयमा महोत्सवको आयोजना गरेको थियो ।

अन्तिम दिनको कार्यक्रममा सहभागीका लागि राजनीतिक दल नेता, लेखक, साहित्यकार, बुद्धिजीवि, अध्येता, अनुसन्धाता एवम् सामाजिक, सांस्कृतिक क्षेत्रमा रुची राख्ने सम्पूर्ण अनुरोध गरेको छ ।

## पर्व हाम्रा पहिचान र गौरव हुन् : सभापति देउवा



**काठमाडौँ–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले हाम्रो देश अनेक धर्म, अनेक संस्कृति र अनेक पर्वले समृद्ध रहेको उल्लेख गर्दै यी पर्व हाम्रा पहिचान र गौरव भएको उल्लेख गरेका छन् ।

नेपाली महिलाहरूको विशेष पर्व हरितालिका तीजका अवसरमा सम्पूर्णमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्दै उहाँले समाजमा सौहार्दता र एकतालाई मजबुत तुल्याउन यी पर्वहरुले योगदान गर्दै आएको बताए ।

सभापति देउवाले सबै खाले पर्वमा आपसी प्रेम, सद्भाव, विश्वास र भाइचारा व्यक्त गर्ने हाम्रो परम्पराले समाजलाई एक साझा फुलवारीका रुपमा प्रतिविम्वित गर्दै आएको उल्लेख गर्दै तीजमा चेलीहरु माइत आउने र पारिवारिक सम्बन्धलाई हार्दिक बनाउन भूमिका निर्वाह गर्ने दृष्टिले पनि यसको विशेष महत्व रहेको बताए ।

उनले यो पर्वले आजको दिनमा हाम्रो देश, समाज र सबैको पारिवारिक जीवनमा सुखद् अपनत्व अभिवृद्धि गर्न सकोस् भन्दै शुभकामना व्यक्त गरे ।

# खेलकुद

## राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता हुने

**मनहरी–** हेटौंडामा दुई लाख राशिको राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगिता हुने भएको छ । आयोजक नागस्वती भेट्रान्स क्लबले आगामी असोज १६ गतेदेखि दोस्रो राष्ट्रिय रनिङ शिल्ड एट ए साइड फुटबल प्रतियोगिता आयोजना गर्ने जनाएको हो ।



अध्यक्ष सोमबहादुर तितुङले प्रतियोगितामा देशभरका ४० वर्षमाथि उमेर समूहका खेलाडीको सहभागिता रहने जानकारी दिए । उहाँका अनुसार प्रतियोगितामा विजेतालाई दुई लाख एक हजार र उपविजेतालाई एक लाख एक हजार नगदसहित पुरस्कार वितरण गरिनेछ ।

क्लबका अध्यक्ष तितुङले प्रतियोगितामा देशभरका १८-२० क्लबको सहभागिता रहने जनाउँदै खेलका लागि १६ लाख खर्च हुने अनुमान गरिएको बताए । 'स्वास्थ्यका लागि खेल' भन्ने नाराका साथ आयोजना गर्न लागिएको उक्त प्रतियोगिताले पूर्वखेलाडीको मनोबल उच्च राख्न सहयोग पुग्ने तितुङले बताए ।

## कराते टोली स्वदेश फर्कियो



**काठमाडौं–** थाइल्यान्ड ओपन कराते च्याम्पियनसिपमा पदक विजेता नेपाली खेलाडी टोली बुधबार राति स्वदेश फर्किएको छ ।

सेप्टेम्बर ६ देखि १० तारिखसम्म थाइल्यान्डमा भएको च्याम्पियनसिपमा नेपालले सिनियरतर्फ कांस्यसहित १२ पदक जितेको थियो । नेपालले सिनियरतर्फ एक कांस्यसहित जुनियर र क्याडेततर्फ गरी १२ पदक जितेको हो ।

च्याम्पियनसिपमा नेपाली खेलाडीको प्रदर्शन उत्कृष्ट रहेको नेपाली टोलीका प्रशिक्षक मन्देकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

## फिफा बेष्ट अवार्डको मनोनयन सार्वजनिक

**काठमाडौं–** फिफाले प्रदान गर्ने फिफा बेस्ट अवार्डका लागि विभिन्न विधामा मनोनयन सार्वजनिक भएको छ । फिफाले गए राति सार्वजनिक गरेको मनोनयन अनुसार ट्रेबल विजेता म्यानचेष्टर सिटीबाट ६ खेलाडी समावेश छन् भने विश्व विजेता अर्जेन्टिनी कप्तान लिओनल मेसी पनि अवार्डको दाबेदारको रुपमा छन् ।

पुरुषतर्फ १२ खेलाडीको मनोनयन सार्वजनिक भएको छ । जसमा मेसीसहित पिएसजीका केलिएन एमबाप्पे र सिटीका एर्लिङ हालान्ड मुख्य दाबेदार छन् ।

यसबाहेक सिटीका युलियन अल्भारेज, रोड्री, बर्नार्डो शिल्भा, केभिन डे ब्रुएना छन् । गत सिजन सिटीमा ट्रेबल जितेर यस सिजन बार्सिलोना पुगेका ईल्के गुन्डोगान पनि मनोनयनमा छन् ।

यस्तै आर्सनलका डेक्लान राई, नापोलीका भिक्टोर ओसिमहेन र केभिचा केभारात्खेलिया तथा अल नासेरका मार्सेलो ब्रोजोभिच छन् ।

महिलातर्फ विश्वकप विजेता स्पेनका कप्तान आईतना बोनमाटीसहित १६ खेलाडी मनोनयनमा छन् ।

पुरुष प्रशिक्षकतर्फ सिटीकै पेप ग्वार्डिओला, ईन्टर मिलानका सिमोन ईन्जाघी, टोटनहमका एन्ज पोस्टेग्लु, ईटलीका लुसियानो स्पालेट्टी र बार्सिलोनाका जाभी छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ९, २०८० साल असोज २ गते मंगलबार (Sep 19, 2023)

# किन हुन्छ उच्च रक्तचाप, कसरी गर्ने नियन्त्रण ?



रक्तचाप कहिले बढी त कहिले कम भइरहन्छ। रक्तचाप बढेको अवस्थामा मुटु र रक्तनलीमा लामो समयसम्म दबाब पर्छ। जसले गर्दा मुटुमा नकारात्मक असर पार्नुका साथै विभिन्न स्वास्थ्य समस्यासमेत निम्तिन्छन्।

### लक्षण

अधिकांशमा उच्च रक्तचापको लक्षण देखा पर्दैन। यद्यपि, शरीरभित्र असर पुगिरहेको हुन्छ। कतिपयमा रिंगटा लाग्ने, मुटुको धड्कन र नाडीको गति बढ्ने लक्षण देखिन्छन्। त्यस्तै, कतिपयमा सास फेर्न गाह्रो हुने, नाकबाट रगत बग्ने र बेहोस हुनेजस्ता लक्षण देखा पर्छन।

### कारण

- उच्च रक्तचापका विभिन्न कारण हुन्छन्। कुनै-कुनै अवस्थामा कारण थाहा नहुन पनि सक्छ, वंशानुगत, हर्मोनल फ्याक्टर, भास्कुलर फ्याक्टरलगायत कारणले पनि उच्च रक्तचाप हुन्छ।

- अव्यवस्थित जीवनशैली, अस्वस्थ खानपान, तनावयुक्त वातावरण तथा स्वास्थ्यप्रतिको बेवास्ताजस्ता कारणले रक्तचाप बढ्ने गर्छ।

- खानामा नुनको बढी प्रयोग, मसालेदार खानेकुरा, मासु वा बोसोजन्य पदार्थ तथा चिल्लो, अमिलो र पिरो बढी खानाले रक्तचाप बढ्छ।

- धूम्रपान-मद्यपान गर्ने मानिसमा उच्च रक्तचाप हुने सम्भावना धेरै हुन्छ।

- तौल नियन्त्रण गर्न नसकेमा अर्थात् मोटोपनाको समस्या भएका मानिसमा पनि यसको जोखिम रहन्छ। त्यस्तै, अनिद्राले पनि रक्तचाप बढाउँछ।

### कस्तो अवस्थामा औषधि सेवन गर्ने ?

सामान्यतया १२०/८० एमएमएचजीदेखि १३९/८९ एमएमएचजीसम्मको अवस्था प्रि-हाइपरटेन्सन वा उच्च रक्तचाप हुनुभन्दा अघिको अवस्था हो। यस अवस्थामा औषधि सेवन गर्न जरुरी छैन। तर, यसभन्दा माथि अर्थात् १४०र९० देखि माथिको अवस्था उच्च रक्तचाप हो। यो अवस्थामा चिकित्सकको परामर्शमा औषधि सेवन गर्नुपर्छ। किनकि, उच्च रक्तचापले ठूलो हानि गर्न सक्छ।

धेरैले उच्च रक्तचाप भएपछि बाँचुन्जेल औषधि खानुपर्छ भन्ने डरले हत्तपत्त औषधि सुरु गर्न मान्दैनन्। तर, औषधि नियमित नगर्दा स्वास्थ्यमा गम्भीर स्वास्थ्य समस्या देखिने खतरा हुन्छ। मस्तिष्कघात, हृदयाघात, मिर्गौला, आँखामा समेत हानि गर्ने भएकाले उच्च रक्तचाप नियन्त्रण गर्नुपर्छ। यसका लागि चिकित्सकको सल्लाहअनुसार नियमित रूपमा औषधि सेवन गर्न आवश्यक हुन्छ। औषधि खान डराउँदा धेरै बेफाइदा हुन सक्छ। औषधि सेवनपछि बिस्तारै ब्लडप्रेसर घट्दै गएमा औषधिको मात्रा घटाउँदै लगेर बन्द गर्नसमेत सकिन्छ।

उच्च रक्तचापले मिर्गौला फेल हुने जोखिम रहन्छ। प्रेसर बढ्यो भने मुटुमा दबाब बढ्छ र हृदयाघातको जोखिम बढ्छ। प्रेसरले ब्रेनको नसा फुट्ने जोखिम पनि रहन्छ। नसा सुक्यो भने प्यारालाइसिस पनि हुन्छ। ब्रेनको नसा सुकेर रक्तसञ्चार बन्द भयो भने स्ट्रोक पनि हुन सक्छ। आँखा धमिलो हुने, आँखाको रेटिनामा ब्लिडिङ हुनेलगायत समस्या देखिन सक्छ। यसरी उच्च रक्तचापले विभिन्न अंगमा क्षति पुर्‍याउँछ। त्यसैले यस्तो जोखिमबाट बच्नका लागि पनि चिकित्सकको परामर्शमा नियमित औषधि खाने तथा रक्तचाप नियन्त्रणमा राख्ने उपाय अवलम्बन गर्नुपर्छ।

### बच्ने उपाय

- निरोगी मानिसले पनि नियमित प्रेसर परीक्षण गर्नुपर्छ। कम्तीमा पनि महिनाको एकपटक प्रेसर चेकअप गर्नुपर्छ।

- स्वस्थ जीवनशैली अपनाउनुपर्ने हुन्छ। खानपानमा विशेष ध्यान दिनुपर्छ। नियमित व्यायाम गर्नुपर्छ। धूम्रपान तथा मद्यपानबाट टाढा रहनु अपरिहार्य छ।

---

**कलाकारको देश...**

पृष्ठ १ बाट जारी

सिरियल चलेन, गीत चलेन भनेर बजारमा सुन्न पाईन्छ। कुन चै कलाकार प्रतिस्पर्धामा भाग लिएर छान्निएर त्यसमा पनि आयोजक कस्तो खालको हो। पैशामा छानेको हो कि वास्तवमा निष्पक्ष छानेको हो भन्ने हुन्छ। निष्पक्ष छानिएको अभिनय राम्रो गर्न जान्ने कलाकारले काहा अवसर पायो काही पनि पाएको देखिदैन।

यस्ता बेतिथिहरु हरेक क्षेत्रमा आएपछि देशको शासन पद्ती कसरी सग्लो हुन्छ।

देशको स्थाई सरकार भनेर चिनिने कर्मचारी सयन्त्रमा पनि पैशा नतिरेसम्म राम्रा मानिएका वा सुविधायुक्त शहरमा सरुवा नपाईने र सहसचीवभन्दा माथि राजनीतिक पार्टीको सरकार पक्षले चाहयो भने मात्र बढुवा हुने चलन रहेको छ। यस्ता पैशा तिर्नसक्ने घुस खान सक्ने क्षमता भएकाहरुको सरुवा हुने, पैशा बुझाउन सक्नेले नियुक्ति पनि राम्रो ठाउमा पाउने हुदै आएको छ।

यसरी पैशाका पछि कुदेका राजनीतिक पार्टीका कार्यकर्ता, नेता,कर्मचारी त्यस्तै कतै नाम नसुनेका सुनेपनि अभिनय हेर्दा त्यस्ता अव्वल नलाग्ने कलाकार, पत्रकार, समाजसेवी, अभियान्त सवै सवै पैशाको पछि दौडिरहे का छन्। यस्ता प्रबृतिले देश कतिजेल धान्ला नक्कली पैशा त सक्कली र नक्कली छुट्याउन नसकुनजेल मात्र हो। त्यसैले सत्यताको धरातलमा टेकेर देश धान्ने अभियानमा थोरै भएपनि पऱ्यास गर्नुपर्छ। त्यो कर्म थालौ। त्यो अभियानमा लागौ।

---

**सुन तस्करी...**

पृष्ठ १ बाट जारी

सुन ओसारपसार चलाउने उद्योग रहेछ त्यहाँ। त्यो उद्यम उतातिर चलाउने, यता पशुपतिमा सुन तौलिन लगाउने। यो खालको तरिकाले चिलतिर देखाउने, यता कुखुरा उडाउने। यो खालको तरिकाहरु राज्यबाट भइराखेको छ,' उनले भने, 'हामी सरकारमा हुँदा होस् वा नहुँदा उपभोक्ताको हित संरक्षण गर्ने कर्तव्य प्रमुखरुपमा सरकारको हो।'

ओलीले आफ्नो पार्टीले आम उपभोक्ताको हितका लागि सरकारको पनि ध्यानाकर्षण गराए। उनले आम उपभोक्ताको हित संरक्षणका लागि गरिबी निवारणमा जोड दिनुपर्ने आवश्यकता पनि औंल्याए।

---

## प्रधान सेनापतिद्वारा दर्ज्यानी चिह्न प्रदान



**काठमाडौँ–** प्रधान सेनापति प्रभुराम शर्माले सोमबार उपरथी दर्जामा पदोन्नति भएका सहायक रथी विष्णु राउतलाई दर्ज्यानी चिन्ह प्रदान गरेका छन्।

उनी नेपाल सरकारको भाद्र २९ गतेको निर्णय अनुसार उपरथी दर्जामा पदोन्नति भएका थिए। उपरथी राउत पदोन्नतिसँगै संभाररथीमा नियुक्त भएको नेपाली सेनाले जनाएको छ।

प्रधान सेनापतिले सोही अवसरमा मानार्थ उपरथी दर्जामा पदोन्नति भएका सहायक रथी भरतचन्द्र गुरुङ, लेखा सहायक रथी दर्जामा पदोन्नति भएका लेखा महासेनानी विनोद थापा र महासेनानी दर्जामा पदोन्नति भएका प्रमुख सेनानी हरि बहादुर विश्वकर्मालाई समेत दर्ज्यानी चिन्ह प्रदान गरेका छन्।

दर्ज्यानी चिन्ह प्रदान गर्न आयोजित कार्यक्रममा बलाधिकृत रथी सरोज प्रताप राणा, बलाध्यक्ष रथी सिताराम खड्कालगायतको उपस्थिति थियो।

---

## राप्रपाले असोज ३ गते देशव्यापी प्रदर्शन गर्ने




**काठमाडौँ–** राप्रपा नेपालले आगामी असोज ३ गते देशव्यापी प्रदर्शन गर्ने निर्णय गरेको छ। आज पार्टी अध्यक्ष कमल थापाको उपस्थितिमा बसेको समिक्षा बैठकले गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता बोकेको भ्रष्ट शासकको पुत्ला जलाउन तथा राँके जुलुश प्रर्दशन गर्ने निर्णय गरेको छ।

प्रदर्शनलाई ब्यापकता दिई अफल बनाउन पार्टीले पार्टीको जिल्ला कमिटी, भातृसंगठन र आमजनतालाई आह्वान समेत गरेको महामन्त्री राजाराम बर्तौलाले जानकारी दिए।

गत भाद्र २९ गते भएको बिरोध प्रदर्शनको समिक्षा र भाबी कार्यक्रमको बारेमा छलफल भएको थियो। बैठकलाई सम्बोधन गर्दै अध्यक्ष थापाले अहिले संघीय गणतन्त्रको नाममा कायम भ्रष्ट ब्यबस्थाले मुलुकलाई सङ्कटको दलदलमा फसाएकोले मुक्तिका लागि अब सडक संघर्षका माध्यमबाट ब्यबस्था परिवर्तनमा जोड दिए।

'यो व्यवस्था र प्रणालीले मुलुक बचाउन र बनाउन सकिन्न, अब आन्दोलनबाट नै सबै अटाउने ब्यबस्था ल्याउनुपर्दछ' थापाले भने। बैठकमा पार्टीका पदाधिकारी सदस्य तथा जनवर्गीय संगठनका प्रमुखहरु र उपत्यकाका जिल्ला अध्यक्षहरुले आन्दोलनमा जान जोड दिएका थिए।

---

# अन्तराष्ट्रिय समाचार

## लिबियामा स्वास्थ्य संकटको जोखिम

**डेर्ना–** लिबियामा एक साताअघिको विनाशकारी बाढीले मृत्यु भएकाको शव अझै पूर्ण रूपमा संकलन भइनसकेकाले यसले स्वास्थ्य महामारीको संकट ल्याउन सक्ने उद्धारकर्ताले चेतावनी दिएका छन। बाढीले मुख्य क्षति पुऱ्याएको पूर्वी सहर डेर्नामा अझै आवासीय क्षेत्रका हिलोमा शवहरू रहेको र ती क्षेत्र खाली नगरे स्वास्थ्य समस्या देखिन थाल्ने बताएका हुन।



बाढीले डेर्ना सहरमा मात्र मृत्यु हुनेको संख्या ११ हजार ३ सय पुगेको संयुक्त राष्ट्रसंघले जनाएको छ। राष्ट्रसंघले शनिबार जारी गरेको प्रतिवेदनअनुसार उक्त सहरमा अझै १० हजार १ सय जना बेपत्ता छन।

ड्यानियल नामको आँधीपछि भारी वर्षाका कारण बाँध फुट्दा 'सुनामी' जसरी बाढी डेर्नामा पसेको थियो, जसका कारण सहरको एक चौथाइ भाग ध्वस्त भएको छ। बाढीका कारण डेर्ना बाहिरको भागमा १ सय ७० जनाको मृत्यु भएको राष्ट्रसंघको मानवता मामिलासम्बन्धी सहकार्यको निकायले जनाएको छ। 'खोजी तथा उद्धारको टोली डेर्नामा खटिरहेका छन्, त्यसैले बाढीबाट मर्नेको संख्या अझै बढ्न सक्छ,' प्रतिवेदनमा उल्लेख छ।

एक साताअघिको विनाशकारी घटनाबाट ४० हजारभन्दा नागरिक पूर्वोत्तर क्षेत्रमा विस्थापित भएको पनि राष्ट्रसंघले बताएको छ। बाढी बीचबाट प्रवेश गर्दा डेर्ना सहर पनि दुई भागमा विभाजित भएको छ। घटना हुनुअघि यहाँको जनसंख्या १ लाख रहेको बताइएको छ। बाढीले सहरको ९ सय भवनमा क्षति पुऱ्याएको छ। जीवित नै उद्धार हुने सम्भावना कम भएकाले खोजीकर्ताहरूले शव संकलनका लागि भवनका भग्नावशेष र समुद्री क्षेत्रमा खोजबिन गरिरहेका छन। समुद्री तट क्षेत्रमा नै संकलन गरिएको शवहरूलाई राखिएको छ। *एजेन्सी*

---

## किमले पुटिनलाई दिए उत्तर कोरिया भ्रमणको निम्तो



**काठमाडौँ** – उत्तर कोरियाली नेता किम जोङ उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भ्रमणको निम्तो दिएका छन्। शिखर वार्ताका लागि रुसको भोस्तोच्नी पुगेका नेता किमले राष्ट्रपति पुटिनलाई भ्रमणको निम्तो दिएका हुन्।

उत्तर कोरियाली सरकारी रेडियो भ्वाइस अफ कोरियाले नेता किमको निम्तो राष्ट्रपति पुटिनले स्वीकार गरेको दाबी गरेको छ। भ्वाइस अफ कोरियालाई उद्धृत गर्दै रुसी समाचार संस्था तासले लेखेको छ, 'रात्रिभोजपछि कमरेड किमले राष्ट्रपति पुटिनलाई उपयुक्त समयमा उत्तर कोरिया भ्रमण गर्न निम्तो दिनु भएको छ। पुटिनले निम्ता स्वीकार गर्नु भएको छ।'

यसअघि रुसी राष्ट्रपति पुटिनका प्रेस सचिव दिमित्री पेस्कोभले भने पुटिनको उत्तर कोरिया भ्रमण दुई नेताबीचको वार्ताको एजेन्डा नभएको बताएका थिए।

रुसी राष्ट्रपति पुटिन र उत्तर कोरियाली नेता किमबीच बुधबार भोस्तोच्नी स्पेसपोर्टमा करिब ५ घण्टा कुराकानी भएको थियो। दुई नेताबीच ४ वर्षपछि कुराकानी भएको हो। कोभिड महामारीपछि उत्तर कोरियाली नेता किम पहिलो पटक विदेश भ्रमणमा निस्किएका हुन् भने झन्डै साढे ४ वर्षपछि रुस गएका हुन्। किमको पछिल्लो विदेश भ्रमण रुसको भ्लादिभोस्तोक नै रहेको थियो।

पुटिन भ्लादिभोस्तोकबाट विमानमा भोस्तोच्नी पुगेका थिए भने नेता किम भने उत्तर कोरियाबाटै बख्तरबन्द रेलमा रूस पुगेका हुन्। रुसी राष्ट्रपति पुटिनले नेता किमले रकेट विज्ञानमा चासो देखाएको पत्रकारहरूलाई बताएका थिए। त्यस्तै नेता किमले रुसलाई विपक्षीहरूबाट आफ्नो सार्वभौमसत्तालाई रक्षा गर्ने चुनौती थपिएको बताएको तासको समाचारमा उल्लेख छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


# राष्ट्रिय सुसेली मञ्चको दर र सुसेली कार्यक्रम



**काठमाडौं–** मिति २०८० भदौ २९ गते बुधबार राष्ट्रिय सुसेली मञ्च नेपालकी उपाध्यक्ष सुशीला ढकाल अधिकारी श्रीको सभापतित्व, मञ्चकी संरक्षक वरिष्ठ कवि साहित्यकार गंगा लिगलको प्रमुख आतिथ्य तथा केन्द्रीय सदस्य सुचिता काफ्ले र विमला ढकाल समिक्षाको संचालनमा सुख शान्ति मिडियाको हल माछापोखरीमा तीजको दर, नाचगान सहित सुसेली गायन कार्यक्रम ७० जना दर खाने र खुवाउने कवि साहित्यकार तथा दाजुभाइ र दिदिबहिनीहरूको उपस्थितिमा सम्पन्न भएको छ ।

तीजको दर विशेष सुसेलीको कार्यक्रममा उपस्थित महिला दिदीबहिनीहरूमा चन्द्रा न्यौपाने, सफलता न्यौपाने, पुनम घिमिरे, सभ्यता न्यौपाने , मन्जु थापा, सरस्वती कोइराला, प्रीया पोखरेल, गीता अर्याल, इन्दिरा रेग्मी, विमुन्स पौडेल, पार्वती घिमिरे पौडेल, सुमित्रा श्रेष्ठ, सुशीला शर्मा धमला, कल्पना भट्टराई, सिता घिमिरे, डा.सिता विष्ट कार्की, द्वारिका कुइँकेल, शारदा आचार्य, सुधा बास्कोटा ढकाल, शोभा गौतम, रमा ढकाल, सरस्वती गौतम, गङ्गा आचार्य सापकोटा, दिक्षा भण्डारी, ओमकुमारी बन्जरा रानाभाट, चन्द्रकला आचार्य, सरिता थापा मगर, सिता पाण्डे, टीकासुदीश निरौला, शीला अधिकारी, नम्रता उप्रेती लगायत ५० जना हुनुहुन्थ्यो ।

जन आकाश मिडियाले यही तीजलाई लक्षित गरेर बनाएको कवि चन्द्रावती अधिकारी द्वारा रचित “नाच्दैछन् वेली, नाच्छन् चमेली” बोलको सुसेली तीज गीत लगायत अन्य तीज गीतहरू र सुसेली गायनमा नाचेर उत्साह भरेको यो कार्यक्रम अत्यन्तै उल्लासमय रहेको थियो । दिदीबहिनीहरू संगै दर खुवाउन उपस्थित दाजुभाइको समुहले कार्यक्रममा आवश्यक सर सहयोगका साथै भिडियो बनाउने र बिचबिचमा नाच्ने गाउने गर्नुभएको थियो ।

प्रमुख अतिथि गंगा लिगलले तीजको विशेषता, पौराणिकता तथा महत्त्वका विषयमा चर्चा गर्नु हुँदै तीजको ऐतिहासिक महत्त्व बुझेर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । सुसेली मञ्चले गरेको तड्क भड्क बेगरको यस किसिमको दरको कार्यक्रम सबैले अनुसरण गर्नुपर्ने कुरामा जोड दिँदै अत्यन्तै उल्लासपूर्ण कार्यक्रम आयोजना गरि महिला दिदीबहिनीहरूमा उत्साह भर्ने कामका लागि राष्ट्रिय सुसेली मञ्च परिवार र आवद्ध सबैलाई धन्यवाद दिनुभयो ।

कार्यक्रमको समापन पुर्व आजका सभापति तथा सुसेली मञ्चकी उपाध्यक्ष सुशीला ढकाल अधिकारीले सुसेली तीज गीतको म्युजिक भिडियो बनाएर युटुब मार्फत सार्वजनिक गर्नुभएकोमा जन आकाश मिडिया परिवार सहित डाइरेक्टर मोहन कार्की र उत्कृष्ट सुसेलीमा पर्न सफल कवि चन्द्रावती अधिकारी लगाएत सम्पूर्ण सहभागी कवि दिदिबहिनीहरूमा बधाई, कार्यक्रम स्थल र दरको व्यवस्थापनका लागि सुसेली मञ्च, आधुनिक साहित्य परिषद र सुख शान्ति मिडिया प्रति आभार व्यक्त गर्दै सभाको विसर्जन गर्नुभएको थियो ।


# धिरज खत्रिले हात पारे “बिशाल राष्ट्रिय तीज

**काठमाडौं–** पछिल्लो समयमा लोकदोहोरी क्षेत्रमामोडलको रुपमा चर्चा कमाउँन सफल भएका धिरज अधिकारि खत्रिले”बिशाल राष्ट्रिय तीज म्यूजिक अवार्ड “हात पार्न सफल भएका छन् ।

सिन्धुपाल्चोक जिल्लाको बार्हबिसे नगरपालिका वडा नम्बर ७ खनियाबस गैरिगाउ खत्रिटोलमा बुवा बिर बहादुर अधिकरि खत्रि आमा मनकुमारि को कोखबाट जन्मेका धिरज अधिकरि खत्रिले “माईति चेलि भाग २” तीज गीत बाट “बिशाल राष्ट्रिय तीज म्यूजिक अवार्ड २०८० मा उत्कृष्ट मोडल तर्फको अवार्ड हात पारेका हुन् । माईति चेलि भाग ३ गित डि के म्युजिक सोलुसनमा हेर्न सकिन्छ ।

**“बिशाल राष्ट्रिय तीज म्यूजिक अवार्ड”**

लामो समय कला क्षेत्रमा योगदान दिइरहेका खत्रीले म्युजिक अवार्ड हात पार्न



सफल हुँदा आफु खुसि रहेको बताउँछन। पछिल्लो समयमा लोकदोहोरी क्षेत्रमा उनले दर्शक स्रोताहरु बाट अत्यन्तै चर्चा कमाईरहेका छन् ।

# आदर्श मिश्रको 'एकादेशको सहर' गीत सार्वजनिक




**काठमाडौँ–** कमेडियन आदर्श मिश्रको मुख्य अभिनय रहेको गीत ‘एकादेशको सहरु बजारमा आएको छ। उक्त गीत सुरज महर्जनको स्वरमा सजिएको छ भने शब्द रचना र निर्देशन समेत उनकै रहेको छ ।

संयुक्ता महर्जनको निर्माण र राकेल मानन्धरको सहायक निर्देशन रहेको उक्त गीतलाई विकास केसीले छायाङ्कन तथा सम्पादन गरेका छन् ।

आदर्श मिश्र, महेन्द्र (मैन), निरज श्रेष्ठ र अर्चना श्रेष्ठको मुख्य भूमिका रहेको म्युजिक भिडियोमा हालको अवस्थामा जस्तोसुकै वर्गका व्यक्ति अन्तिममा आफ्नो भविष्य खोज्दै विदेशी भूमिमा पुग्नु परेको र तीनै बिदेसिएका व्यक्तिले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्र धानिरहेको दृश्य देख्न सकिन्छ ।

# नइ प्रकाशनद्वारा एकसाथ पाँच कृति लोकार्पण

**काठमाडौं–** नइ प्रकाशनद्वारा एकसाथ पाँच कृतिको लोकार्पण गरिएको छ । वानीरा फाउन्डेसनका संस्थापक तथा संरक्षक ई. शङ्कर गिरीले नइ प्रकाशनबाट प्रकाशित पाँच वटा कृतिको लोकार्पण गरेका हुन् ।

वानीरा फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा इन्दिरा प्रसाईद्वारा लिखित ‘बघेनी’ नामक प्रयोगवादी कथासङ्ग्रह, सुनीता कार्कीको ‘साथ रहोस् नरहोस’, भगवती बस्नेतको ‘विश्वम्भरा’, ओमकुमारी बञ्जारा रानाभाटको ‘ऋतु’ र रश्मि रिमालबाट रचित ‘पर्दाभित्र’ कवितासङ्ग कृतिहरूको एकसाथ लोकार्पण गरिएको हो ।

उक्त समारोहमा लोकार्पित कृतिहरूको समालोचक प्रा. केशव सुवेदीद्वारा समीक्षात्मक मन्तव्य प्रस्तुत भएको थियो ।

उक्त अवसरमा कविताकृतिका नारी




स्रष्टाहरूबाट आ- आफ्ना कविता वाचन भएको थियो ।

वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित सो समारोहमा सदस्यसचिव नरेन्द्रराज प्रसाई तथा कार्यक्रम संयोजक भगवती बस्नेतले नवकृतिहरू र संस्थाको प्रगतिबारेमा जानकारी दिनु भएको वानीरा फाउन्डेसनका सदस्यसचिव नरेन्द्रराज प्रसाईले बताए ।

सदस्यसचिव प्रसाईका अनुसार वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईबाट फाउन्डेसन भवनको प्राङ्गणमा रहेको नेपाली साहित्यका विश्व नारी रत्न डा. वानीरा गिरीको पूर्ण कदको सालिकमा माल्यार्पण गर्दै कार्यक्रम शुभारम्भ गरिएको थियो ।

# नियात्राकार राजेन्द्रमान डङ्गोलकृत बादलडँडा पुस्तक परिचर्चा सम्पन्न

**काठमाडौं–** नियात्राकार राजेन्द्रमान डङ्गोलकृत तेस्रो नियात्रासङ्ग्रह ‘बादलडाँडा’को परिचर्चा कार्यक्रम राजधानीको एअरपोर्टस्थित एअरपोर्ट होटलमा सुसम्पन्न भएको छ। कृतिमाथि मूर्धन्य साहित्यकार, समालोचक तथा पर्यटन व्यवसायीद्वारा घनिभुत विमर्श गरिएको थियो ।

कृतिका बारेमा आफ्नो धारणा व्यक्त गर्दै टानका अध्यक्ष नीलहरि बास्तोलाले पर्यटनलाई साहित्यसँग जोड्न सकेमात्र यो कृतिमाथि न्याय हुने बिचार व्यक्त गरेका छन्

वरिष्ठ साहित्यकार तथा अधिकारकर्मी अर्चना थापाले खाली आशा र सम्भावनाका कुरामात्र गरेर गन्तव्य चुम्न नसक्ने बताउँदै चुनौतीसँग जुध्ने मार्गचित्र जरूर भएको राय राखिन् । राजेन्द्रमानको कृतिको शक्ति भनेको रैथाने कथा, उपकथा र संस्कृति जस्ताको तस्तै ल्याउन सक्नु हो भन्ने दाबी गरिन् । गहकिला विविधता, मानवशास्त्रीय कोणबाट विषयवस्तुको प्रस्तुतीकरण, प्रचलित किंवदन्तीको समावेशले कृतिलाई पठनीय, ग्रहणीय, सम्प्रेषणीय र सङ्ग्रहणीय बनाएको बताइन् ।

एउटा हेलीको दृष्टान्त राख्दै हेलिकोप्टरद्वारा पर्यावरण नजर गर्नु पर्यटनलाई नजरअदाज गर्नु हो भन्ने उनको अभिमत थियो ।

वरिष्ठ पर्यटन व्यवसायी आङछिरिङ शेर्पाले पर्यटकले पूर्वाधारदेखि रहनसहन, कला(संस्कृति आदिका बारेमा समेत चासो राख्ने हुनाले पुस्तक मूलतः अधिकांश आन्तरिक पर्यटकलाई कामयावी हुनसक्ने आकलन गरे। तिब्बती पर्यटनको तीव्र विकास आँकडाको फेहरिस्त प्रस्तुत गर्दै मनासलु क्षेत्रलाई अन्नपूर्ण क्षेत्रझैँ खुला बनाउनुपर्ने आवश्यकतामाथि प्रकाश पारे ।

टानका पूर्व अध्यक्ष तथा अर्का वरिष्ठ पर्यटन व्यवसायी दीपक महतले यो नियात्रासङ्ग्रह त्रिभुवन विश्वविद्यालयको ट्राभल एन्ड टुरिजमको पाठ्यक्रममा समावेश गर्न अति उपयुक्त हुने विचार व्यक्त गरे। उनले साहित्य भण्डारमा त यो कृति अमूल्य हुने नै छ, पर्यटन क्षेत्रमा पनि यो कोसेढुङ्गो सावित हुने छ ।

पर्यटन व्यवसायी राजेन्द्र सापकोटाले हरेक पर्यटनकर्मीले यो पुस्तकलाई गीता मानेर प्रेमपूर्वक किन्ने र पढ्ने गरियो भने लेखकलाई थप लेखन गर्न, प्रकाशकलाई उत्साहपूर्वक प्रकाशन गर्न चासो बढ्ने भन्दै यस्ता सत्कार्यलाई सबैले सराहना गर्नुपर्ने खाँचो औँल्याए । उनले पर्यटनकर्मीसँगै साहित्यकारहरूलाई पनि विभिन्न सम्भाव्य बोकेका ठाउँमा पुर्याएर त्यहाँको वस्तुस्थिति उजागर गर्न आफू प्रतिबद्ध भएको अवगत गराए ।

अर्का पर्यटन व्यवसायी तथा भिटोफका पूर्व अध्यक्ष बोधराज भण्डारीले कृतिलाई अङ्ग्रेजी भाषामा अनुवाद गर्न उत्प्रेरित गरे । पर्यटन व्यवसायी र साहित्यकार सँगै यात्रा गर्ने परिस्थिति निर्माण गर्न आफू कटिबद्ध रहेको र सक्दो आर्थिक योगदान गर्न पनि आफू तत्पर रहेको जनाउ दिए ।

पर्यटन व्यवसायी अच्युत गुरागाईले सङ्ग्रहलाई अङ्ग्रेजी भाषामा भाषान्तर गर्न सुझाए भने एनएमएका अध्यक्ष निमानुरू शेर्पाले आन्तरिक पर्यटन प्रवर्धनमा पुस्तकले राम्रो योगदान दिनसक्ने धारणा राखे ।

भुँडीपुराणका प्रबन्धक केशव पराजुलीले प्रकाशकका नाताले पर्यटन प्रवर्धन हुने कुनै पनि पुस्तक वा सामग्री छाप्न रतीभर कन्जुस्याइँ नगर्ने वाचा गरे ।

यस्तै स्तम्भकार तथा युवा पत्रकार राजकुमार बानियाँले कृतिमा जीवन्त वर्णन पाइने भन्दै टिकट नै नकाटे, पैदल नै नहिँडी मज्जाले घुमेको अनुभूत पाठकले गर्न सक्ने दाबी गरे ।

नियात्राकार राजेन्द्रमान डङ्गोलले व्यक्त विचारहरू आगामी सङ्ग्रहमा समेट्ने वाचा गर्दै उपस्थित सबै अतिथिलाई आभार प्रकट गरे । त्यस्तै हानका वर्तमान अध्यक्ष विनायक शाहलाई कार्यक्रमको आयोजना गरिदिएकोमा विशेष धन्यवाद ज्ञापन गरे ।

कवि तथा रेडियोकर्मी लक्ष्मी रुम्बाले सहजीकरण गरेको सो कार्यक्रममा नियात्राकारको सङ्क्षिप्त परिचय समीक्षक माधव घिमिरे अटलुले दिएका थिए भने सञ्चारकर्मी जयराम बिडारी, कवि रुबी सत्याल, साहित्यकार डाङ्ग रजनी ढकाल, नियात्राकार प्रभा बराल, रामप्रसाद सापकोटा लगायतले कृतिबारे साङ्गोपाङ्ग चर्चा गरेका थिए ।

# प्रकाश सपुतको गीत “जाले रुमाल फाट्यो” सार्वजनिक




**काठमाडौं –** गायक प्रकाश सपूतको तीज विशेष गीत ‘जाले रुमाल फाट्यो’ सार्वजनिक भएको छ ।

उक्त गीत दुई वर्षअघि तीजपर्वमा सार्वजनिक ‘कुरा बुझ्न पर्च’को दोस्रो भाग हो । गायक सपूतको शब्द, संगीत रहेको उक्त गीतमा गायिका समीक्षा अधिकारीले स्वर दिएकी छन् । गीतको म्युजिक भिडियोमा नायिका स्वस्तिमा खड्का, आँचल शर्मा, अभिनेता गौरव पहारी, विशाल पहारी र स्वयं सपूतको अभिनय रहेको छ ।

आरन प्रोडक्सनले प्रस्तुत गरेको सो गीत गायक सपूतको आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेका छन् । महिलामाथि हुने विभेद अन्त्यका लागि कानुन प्रभावकारी हुनुपर्ने सन्देश गीतले दिन खोजेको देखिन्छ ।

नेपाली समाजको संवेदनशील र महत्त्वपूर्ण कथालाई तीज गीतका माध्यमबाट बाहिर ल्याएको उनको भनाइ छ । विषय, प्रस्तुति र निर्देशनका हिसाबले आफ्ना लागि पनि यो गीत विशेष रहेको सपूत बताउछन् ।

दुई वर्षअघि सार्वजनिक गीत ‘कुरा बुझ्न पर्च’मा सपूतले महिलाको सोच र आत्मविश्वासलाई प्रस्तुत गरेका थिए । लैङ्गिक समानताको विषयलाई गीतले समेटेको थियो । सो गीतमा पनि नायिका स्वस्तिमा खड्का र आँचल शर्माको अभिनय छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- ९, २०८० साल असोज २ गते मंगलबार (Sep 19, 2023)

# “नाडा अटो शो ”मा फोर्स अरबानीया सार्वजनिक



**काठमाडौं–** नेपालका लागि फोर्स मोटर्सको आधिकारिक आयातकर्ता आयाम इन्टरकन्टिनेटल प्रा.लि ले नाडा अटो शो मा भारतमा अत्याधीक माग रहेको साथै नेपालमा सर्वाधिक मानिसहरुको पर्खाईमा रहेको बहुप्रतिच्छित फोर्स कम्पनिको अरबानीया(**Urbania**) भ्यानको अनावरण तथा बुकिङ्ग खुल्ला गरि बिक्री वितरण शुभारम्भ गरेको छ ।

यस भ्यान नेपालमा आयातीत माइक्रोबसहरु मध्यमा सबैभन्दा प्रिमियम सुबिधा यूक्त रहेको छ भने कार जस्तै आरामदायी र सूबिधा सम्पन्न रहेको कुरा कम्पनीले जनाएको छ । यो भ्यान विश्व प्रशिद्ध मर्सिडिज बेन्जको डिजाइनमा बनेको तथा सोही कम्पनीको इन्जिन, गेयरबक्स तथा एक्सल जडान गरिएको छ ।

आकर्षक र सुबिधा सम्पन्न देखिएको माइक्रो बसमा १५ र १८ सिट क्षमतामा उपलब्ध छन् भने यसका १५ सिट भ्यानको मुल्य ८२९९००० र १८ सिटको भ्यानको मुल्य ८६९९००० कम्पनीले सार्वजनिक गरेको छ ।

यो मुल्य केही समयको लागि मात्र लागु हुने समेत कम्पनीले जानकारी गराएको छ साथै नाडा अटो शो मा बुकिङ्ग गर्नेहरुको लागी आकर्षक छुट सुबिधा समेत उपलब्ध हुने कुरा कम्पनीले जनाएको छ । फोर्स मोटर्सको नेपालका २२ वटा प्रमूख स्थानहरुमा डिलर तथा सर्भिस सेन्टरहरु रहेका छन् ।

# टाटाका बहुप्रतिक्षित गाडीहरू सार्वजनिक




काठमाडौं- टाटा मोटर्स प्यासेन्जर भेहिकलद्धार नाडा अटो सो लाई लक्षित गरी बहुप्रतिक्षित तीनवटा गाडीहरु टाटा टियागो इभी र टाटा नेक्सन इभी एक्स जेट प्लस र टाटा पन्च सार्वजनिक गरिएको छ ।

टाटा मोटर्सको नेपालका लागि एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ्ग प्रा.लि. ले टाटाका बहुप्रतिक्षित गाडीहरु टाटा टियागो इभी र टाटा पन्च नेपाली बजारमा सार्वजनिक गरेको छ । राजधानीको भृकुटी मण्डप स्थित प्रदर्शनी हलमा सुरु भएको १५औं संस्करणको अटो सो “टाटा मोटर्स जेन्युइन आयल नाडा अटो सो २०२३” मा यी उत्पादनहरुको विक्री वितरण शुभारम्भ गरिएको हो ।

अत्याधुनिक जिपट्रन प्रविधियुक्त टियागो इभीमा पाँचवटा मुख्य बिशेषताहरु रहेका छन् । जसमा कार्य कुशलता, प्रविधि, विश्वास, चार्जिङ्ग र आरामदायीता रहेका छन् । क्रुज कन्ट्रोल सहितको टियागो इभीमा अत्याधुनिक टेलिम्याटिक्स, कन्ट्रयास्ट रुफ, पूर्ण स्वचालित क्लाइमेट कन्ट्रोल, प्रोजेक्टर अटो हेडल्याम्प लगायत बिशेषताहरु रहेका छन् । यो गाडीको इन्टेरिएर आरामदायी तथा एक्स्टेरिएर आकर्षक रहेको छ ।

# यामाहाद्वारा FZ–S V3 को नयाँ अवतार सार्वजनिक

**काठमाडा–** नेपालका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक वितरक एमएडब्लू इन्टरप्राइजेजले **FZ–S FI V3** को नयाँ डिलक्स संस्करण सार्वजनिक गरेको छ ।

यो विशेष मोटरसाइकल मेटालिक ग्रे र नेभी ब्लुको नयाँ रङहरूमा उपलब्ध हुनेछ । नयाँ ब्याकलाइट डिजाइनले यस मोटरसाइकलको सौन्दर्यमा आधुनिक र स्टाइलिश तत्व थपेको छ । **FZ–S FI V** ३.० उत्कृष्ट ह्यान्डलिंग र मस्कुलर डिजाइनका लागि प्रतिष्ठित छ ।

फ्युल इन्जेक्शन १४९ सीसी सहित यामाहाको उत्कृष्ट टेक्नोलोजीमा निर्मित **FZ–S FI** भर्सन ३.० मा एयर-कूल्ड फोर-स्ट्रोक १४९ **cc SOHC** , दुई-भल्भ, एकल-सिलिन्डर ईन्धन-इन्जेक्टेड इन्जिन माउन्ट गरिएको छ जुन रोकिएको अवस्थाबाट उच्च गतिमा जाँदाको अनुभूति र ओभरटेक गर्दाको रमाईलो अनुभूतिलाई थप रोमान्चक गर्न अद्यावधिक गरिएको छ ।

यसबाहेक, यो मोटरसाइकल डुअल डिस्क ब्रेक र अगाडि एकल च्यानल एबीएसले सुसज्जित छ । एमएडब्लू ईन्टरप्राइजेज, टू व्हिलर डिभिजनका सीईओ राजु क्षेत्रीले भन्नुभयो, **FZ–SV3** धेरै मोटरसाइकल प्रेमीहरूको मनमा बस्न सफल मोडेल हो । त्यसैले हामी यसको नयाँ रङ विकल्पहरू, नेभी ब्लू र मेटालिक ग्रे तथा राइडिङको अनुभव बढाउने रोमाञ्चक अपडेटहरू सहितको नयाँ भेरियन्ट सार्वजनिक गर्न पाउँदा हर्षित छौं । नयाँ डिलक्स संस्करणले यामाहाको स्पोर्टीनेस, स्टाइल र उत्साहका विशेषताहरूलाई साँच्चै झल्काउने छ ।




# भक्तपुरमा खुल्यो यामाहा नेपालको सर्वाधिक ठूलो द्यगिभ क्त्रगबचभ शोरूम



**काठमाडौँ–** नेपालको लागि यामाहा मोटरसाईकल तथा स्कुटरको आधिकारीक विक्रेता“ **MAW Enterprises Pvt Ltd**” ले नेपालकै अत्याधुनिक र सर्वाधिक सुविधा सम्पन्न भएको शोरुम सञ्चालनमा ल्याएको छ ।

भाद्र २५ गते प्रमुख अतिथि प्रियका कार्कीको हातबाट उद्घाटन गरिएको कौशलटार, भक्तपुरमा अवस्थित उक्त त्थय धजभभभिच ष्लमगकतचथ कै ठूलो र अत्याधुनिक शोरुम मानिएको छ ।

यामाहाको विश्व व्यापी नयाँ अवधारणा “द्यगिभ क्त्रगबचभ” लाई अबलम्बन गरी कौशलटार भक्तपुरमा उक्त शोरुम सञ्चालनमा ल्याईएको हो । यामाहाको “**lobal Motor Sport Legacy**” लाई आत्मसाथ गर्दै सम्पूर्ण राईडर्सले आफ्नो राईडिङ प्रतिको चाहना र उत्साहलाई हरेक कुनाबाट अनुभव गर्न सक्ने स्थानको रुपमा “**Blue Square**” शोरुमलाई लिईएको छ ।

द्यगिभ क्त्रगबचभ शोरुममा प्रयोग गरिएको “**Blue**”कलरले यामाहा ब्राण्डको “**Racing DNA**” लाई झल्काउने र “**Square**” ले “इलभ क्तयउ **Buying Junction**” जसमा ग्राहकले मोटरसाईकल, स्कुटर, **Accessories** र **Apparel** एकै ठाउँबाट अनुभव तथा खरिद गर्न पाउने सुविधा रहनेछ ।

यस शोरुममा “**Better Customer Experience**” अनुभव गर्नुको साथै छिटो र र “**Personalized** इलभ त्य इलभ क्भचखष्अभ” प्रदान गरिने जानकारी गराईएको छ । यामाहाको ग्राहकले अझ नजिकबाट यामाहा ब्राण्ड र उपलब्धतालाई महसुस गर्न पाउनुको साथै “**Digital Technology**” मार्फत“**QR Code**” स्क्यान गरेर **Brochure** हरु प्राप्त गर्र्न सक्नेछन् ।

स्थापनाकाल देखिनै ग्राहकहरुको सुविधालाई उच्च प्राथमिकतामा राख्दै आएकोमा “**Blue Square**” को उत्कृष्ट प्रविधि र पूर्वाधारहरुले यामाहा ब्राण्ड प्रतिको ग्राहको भरोसा बढ्ने र ग्राहकको सन्तुष्टिमा वृद्धि गर्ने कम्पनिको ठहर छ । साथै भविष्यमा यामाहाले यस प्रकारका शोरुमहरू नेपालभर सञ्चालनमा लिएर आउने योजना बनाएको छ ।

# चाडपर्वको उत्साहलाई अझै हर्षमय बनाउन यामाहाको नयाँ योजना

**काठमाडौं–** चाडपर्व नजिकिँदै गर्दा, नेपालको यामाहा मोटरसाइकल र स्कुटरको आधिकारिक वितरक एमएडब्लु इन्टरप्राइजेजले “यामाहा फेस्टिभ सेलिब्रेशन विथ् रोडिज पावर अफ फाइभ” योजना प्रस्तुत गर्दै यो दशैं , तिहार तथा छठ पर्वलाई अविस्मरणीय बनाउने तयारी गरिरहेको छ ।

यो चाडपर्वको सिजनमा, हामी तपाईको माझ थ्कबजब जब मोटरसाइकल र स्कुटर मार्फत क्उयचतष्लभकक, क्तथभि र भ्हअष्तझभलत ल्याई रहेका छौं । यामाहाको उत्पादन खरिद गर्नु भनेको केवल यातायातको एक माध्यम मात्र प्राप्त गर्नु होइन् तर दिर्घकाल सम्म राइडिङको आनन्दलाई पुनःपरिभाषित गर्नु पनि हो । यामाहा फेस्टिभ सेलिब्रेशन विथ् रोडिज पावर अफ फाइभ योजना अन्तर्गत, यामाहाको कुनै पनि स्कुटर खरिद गर्दा रु ६००० देखि १ लाख सम्मको र बाइक खरिद गर्दा रु ८००० देखि १ लाख सम्मको स्युर-सट क्यासब्याक,ीगअपथ म्चबध द्वारा दैनिक यामाहा राइडिङ ज्याकेट, ष्एजयलभ ज्ञद्ध को साप्ताहिक उपहार, र प्रत्येक महिना भाग्यशाली विजेताले जापान जाने मौका पाउन सक्नेछन् ।

हामी यामाहा फेस्टिभ सेलिब्रेशन विथ् रोडिज पावर अफ फाइभ योजना प्रस्तुत गर्न पाउँदा खुसी छौं,:ब्छ टु ह्वीलर्स डिभिजनका सीईओ राजु क्षेत्रीले भने चाडपर्वको सिजनमा, हामीले हरेक राइडलाई असाधारण बनाउन र हाम्रा ग्राहकहरूको जीवनमा जादूको स्पर्श थप्ने लक्ष्य राखेका छौं ।

यामाहा सधैं स्पोर्तिनेस्स्, स्टाइल र एक्साईटमेन्टको पर्यायवाची रहेको छ, र यो योजना त्यही अनुभवलाई बढाउन डिजाइन गरिएको हो । यो अफर यामाहाका सबै बाइक र स्कुटरहरूमा लागू हुने र देशमा रहेका यामाहाका सबै अधिकृत शोरुमहरूमा उपलब्ध छ ।

हेलो सरकारमा गुनासो गरौं, समस्याको समाधान खोजौं।

सार्वजनिक स्थल वा निकायमा:
➢कुनै भेदभाव भएमा,
➢सेवा प्राप्तिमा वञ्चित वा अवरोध भएमा,
➢सार्वजनिक कार्यबाट नोक्सानी वा कुनै पीरमर्का भएमा हेल्लो सरकारमा सम्पर्क गरौं।

हेलो सरकारको निशुल्क टेलिफोन नम्बर १११९ तथा सामाजिक सञ्जालमार्फत गुनासो गरी समस्याको समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस